Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

३५
पू
र्णा
ङ्क

संशोधन-मण्डल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यदिह न गुणदोषौ योजनीयावलीको
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।
—बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ छूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

पूर्णिमा

वर्ष १ अङ्क ३

(इतिहास–प्रधान त्रैमासिक पत्रिका)

सम्पादक–
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक–
देवीप्रसाद भण्डारी
(संशोधन–मण्डलद्वारा)

सहयोगी–
रामजी तेवारी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

विषयसूची

		पृष्ठ
१. वेदाङ्गज्यौतिषको कालमानको अष्टाध्यायी, सुश्रुतसंहिता र कौटलीय अर्थशास्त्रमा परेको प्रभाव	–महेशराज पन्त	१५१–१५४
२. मेचीदेखि महाकालीनामक पुस्तकमा रहेका इतिहासविषयक परस्परमा बाझिएका कुराका नमूना	–दिनेशराज पन्त	१५५–१६८
३. दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेले बनाएको रत्नदीप सूर्यचन्द्रस्पष्टीकरणाधिकार (दोस्रो अध्याय)	–रामजी तेवारी	१६९–१७७
४. लिच्छविसंवत्को निष्कर्षको परीक्षा	–नयराज पन्त	१७८–२०३
५. वारको व्यवस्था	–नयराज पन्त	२०३–२०५
६. गृहस्थ र बटुवाको संवाद	–नयराज पन्त	२०६–२०७

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वेदाङ्गज्यौतिषको कालमानको अष्टाध्यायी, सुश्रुतसंहिता र कौटलीय अर्थशास्त्रमा परेको प्रभाव

—महेशराज पन्त

माघशुक्लप्रपन्नस्य पौषकृष्णसमापिनः ।
युगस्य पञ्चवर्षस्य कालज्ञानं प्रचक्ष्यते ॥५॥
स्वराक्रमेते सोमार्कौ यदा साकं सवासवौ ।
स्यात् तदादियुगं माघस्तपः शुक्लोऽयनं ह्युदक् ॥६॥
प्रपद्येते श्रविष्ठादौ सूर्याचन्द्रमसावुदक् ।
सार्पार्धे दक्षिणाऽर्कस्तु माघश्रावणयोः सदा ॥७॥
त्रिंशत्यह्नां सषट्षष्टिरब्दः षट् चर्तवोऽयने ।
मासा द्वादश सौराः स्युरेतत् पञ्चगुणं युगे ॥२८॥

(यजुर्वेदज्यौतिष)

[माघशुक्लमा प्रारम्भ भई पौषकृष्णमा समाप्त हुने पञ्चवर्षात्मक युगको कालको विषयमा बताइन्छ । धनिष्ठानक्षत्रको आदिमा रहेका चन्द्रमा र सूर्य जुन वेला आकाशमा उदाउँछन्, त्यसै वेला पञ्चवर्षात्मक युगको माघ (तपस्) शुक्लपक्षको उत्तरायणको प्रारम्भ हुन्छ । धनिष्ठानक्षत्रको प्रारम्भमा सूर्य पुग्दा उत्तरायणको प्रारम्भ हुन्छ । अश्लेषानक्षत्रको माझमा सूर्य पुग्दा दक्षिणायनको प्रारम्भ हुन्छ । माघमा उत्तरायणको र श्रावणमा दक्षिणायनको प्रारम्भ हुन्छ । चन्द्रमा धनिष्ठानक्षत्रको प्रारम्भमा पुगेपछि चन्द्रमा पनि उत्तरतिर लाग्छन् । चन्द्रमा अश्लेषानक्षत्रको माझमा पुगेपछि चन्द्रमा पनि दक्षिणतिर लाग्छन् । १ सौरवर्षमा ३६६ दिन, १२ सौरमास, ६ ऋतु, २ अयन हुन्छन् । १ युगमा (५ वर्षमा) यिनका ५ गुना हुन्छन् ।]

[सातौँ श्लोकको अर्थबाहेक अरू श्लोकका अर्थ पूर्णिमा ३४ अङ्कका ९४–१०२ पृष्ठमा छापिएको पिताजी नयराज पन्तको वेदाङ्गज्यौतिषअनुसार आषाढमा र पौषमा मात्र अधिमास पर्छन् भन्ने निबन्ध (सो अङ्कका ९४–९५ पृष्ठ) बाट सारिएका हुन् ।]

वेदाङ्गज्यौतिषमा चर्चित पञ्चवर्षात्मक युगका हरेक वर्षका भिन्नाभिन्नै नाउँ भएको कुरा वैदिक ग्रन्थहरूबाट बुझिन्छ । पञ्चवर्षात्मक युगका प्रत्येक वर्षको नाउँ परेको एक मन्त्रको केही भाग उदाहरणको रूपमा यहाँ उद्घृत गरिन्छ–

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

संवत्सरोऽसि परिवत्सरोऽसीदावत्सरोऽसीद्वत्सरोऽसि वत्सरोऽसि। उषसस्ते कल्पन्ता-महोरात्रास्ते कल्पन्तामर्धमासास्ते कल्पन्तां मासास्ते कल्पन्तामृतवस्ते कल्पन्तां संवत्सरस्ते कल्पताम् । ... ... ।।४५।।

(शुक्लयजुर्वेदसंहिता २७ अध्याय)

[हे अग्नि ! हजुर संवत्सर हुनुहुन्छ, परिवत्सर हुनुहुन्छ, इदावत्सर हुनुहुन्छ, इद्वत्सर हुनुहुन्छ, वत्सर हुनुहुन्छ । हजुरका उषस् (बिहान) होऊन् । हजुरका अहोरात्र (दिन र रात =सावनदिन) होऊन् । हजुरका अर्धमास (आधा महीना =पक्ष) होऊन् । हजुरका मास (महीना) होऊन् । हजुरका ऋतु होऊन् । हजुरको संवत्सर (वर्ष) होओस् ।]

वेदाङ्गज्यौतिषमा १ वर्षमा ६ ऋतु हुन्छन् भनी लेखिएको छ । तर कुन कुन ऋतु कुन कुन महीनामा पर्छन् भन्ने कुरा त्यहाँबाट स्पष्ट बुझिँदैन । वैदिक ग्रन्थहरूमा कुन कुन ऋतु कुन कुन महीनामा पर्छन् भनी स्पष्टसँग लेखिएको देखिन्छ । कुन कुन ऋतु कुन कुन महीनामा पर्छन् भन्ने बयान परेको एक मन्त्रको केही भाग उदाहरणको रूपमा यहाँ उद्धृत गरिन्छ–

मधुश्च माधवश्च वासन्तिकावृतू शुक्रश्च शुचिश्च ग्रैष्मावृतू नभश्च नभस्यश्च वार्षिकावृतू इषश्चोर्जश्च शारदावृतू सहश्च सहस्यश्च हैमन्तिकावृतू तपश्च तपस्यश्च शैशिरावृतू ... ... ।।११।।

(तैत्तिरीयसंहिता ४ काण्ड ४ प्रपाठक)

[वसन्त ऋतु भनेको मधु (चैत्र) र माधव (वैशाख) महीना हो । ग्रीष्म ऋतु भनेको शुक्र (ज्येष्ठ) र शुचि (आषाढ) महीना हो । वर्षा ऋतु भनेको नभस् (श्रावण) र नभस्य (भाद्र) महीना हो। शरद् ऋतु भनेको इष (आश्विन) र ऊर्ज (कार्तिक) महीना हो । हेमन्त ऋतु भनेको सहस् (मार्ग) र सहस्य (पौष) महीना हो । शिशिर ऋतु भनेको तपस् (माघ) र तपस्य (फाल्गुन) महीना हो ।]

वेदाङ्गज्यौतिषमा चर्चित पञ्चवर्षात्मक युगका नाउँ पाणिनिको अष्टाध्यायीमा पनि पाइन्छन्–

वत्सरान्ताच्छश्छन्दसि ५।१।९१

वत्सरान्तात् प्रातिपदिकान्निर्वृत्तादिष्वर्थेषु छन्दसि विषये छः प्रत्ययो भवति । ठञोऽपवादः । इद्वत्सरीयः । इदावत्सरीयः ।

(काशिका)

[वत्सर अन्त्यमा भएको प्रातिपदिकदेखि निर्वृत्त (पूरा गरिएको), अधीष्ट (मान गरी काम लाइएको), भृत (ज्याला दिई काम लाइएको),भूत (पहिले भइसकेको), भावी (पछि हुने) अर्थमा वेदमा छ प्रत्यय हुन्छ । यो छ प्रत्यय ठञ् प्रत्ययको अपवाद हो । इद्वत्सरमा पूरा गरिएको, मान गरी काम लाइएको, ज्याला दिई काम लाइएको, प[illegible] भइसकेको, पछि हुने अर्थमा इद्वत्सरीयः रूप हुन्छ । इदावत्सरमा पूरा गरिएको, मान गरी काम लाइएको, ज्याला दिई काम लाइएको, पहिले भइसकेको, पछि हुने अर्थमा इदावत्सरीयः रूप हुन्छ ।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

संपरिपूर्वात् ख च ५।१।९२

संपरिपूर्वाद् वत्सरान्तात् प्रातिपदिकाच्छन्दसि विषये निर्वृत्तादिष्वर्थेषु खः प्रत्ययो भवति, चकाराच्छश्च । संवत्सरीणः । परिवत्सरीणः । संवत्सरीयः । परिवत्सरीयः ।

(काशिका)

[सम् तथा परि पूर्वमा भएको, वत्सर अन्त्यमा भएको प्रातिपदिकदेखि पूरा गरिएको, मान गरी काम लाइएको, ज्याला दिई काम लाइएको, पहिले भइसकेको, पछि हुने अर्थमा वेदमा ख प्रत्यय हुन्छ तथा छ प्रत्यय पनि हुन्छ । संवत्सरमा पूरा गरिएको, मान गरी काम लाइएको, ज्याला दिई काम लाइएको, पहिले भइसकेको, पछि हुने अर्थमा सम् पूर्वमा भएको वत्सर प्रातिपदिकदेखि ख प्रत्यय भएमा संवत्सरीणः रूप हुन्छ, छ प्रत्यय भएमा संवत्सरीयः रूप हुन्छ । परिवत्सरमा पूरा गरिएको, मान गरी काम लाइएको, ज्याला दिई काम लाइएको, पहिले भइसकेको, पछि हुने अर्थमा परि पूर्वमा भएको वत्सर प्रातिपदिकदेखि ख प्रत्यय भएमा परिवत्सरीणः रूप हुन्छ, छ प्रत्यय भएमा परिवत्सरीयः रूप हुन्छ ।]

सुश्रुतसंहिताको कालमान वेदाङ्गज्यौतिषको कालमान जस्तै पञ्चवर्षात्मक युगअनुसारको छ । वेदाङ्गज्यौतिषको जस्तै सुश्रुतसंहिताको वर्ष माघादि छ अर्थात् माघदेखि शुरू हुन्छ–

…माघादयो द्वादश मासाः संवत्सरः[1] । द्विमासिकमृतुङ्कृत्वा षडृतवो भवन्ति । तत्र शिशिरवसन्तग्रीष्मवर्षाशरद्धेमन्ताः । तेषान्तपस्तपस्यौ शिशिरः । मधुमाधवौ वसन्तः । शुचिशुक्रौ ग्रीष्मः । नभोनभस्यौ वर्षाः[2] । इषोर्जौ शरत् । सहस्सहस्यौ हेमन्त इति । … अयने द्वे भवतः । दक्षिणमुत्तरञ्च । तयोर्दक्षिणं वर्षाशरद्धेमन्ताः[3] । …उत्तरं शिशिरवसन्तग्रीष्माः । … ते द्वे अयने वर्षः[4] । संवत्सरः[5] परिवत्सर इदावत्सर इद्वत्सरो[6] वत्सर इत्येवं पञ्च पञ्च वर्षाणि । ते पञ्च युगमिति संज्ञां[7] लभन्ते ।

(सुश्रुतसंहिता सूत्रस्थान ६ अध्याय । ताडपत्रमा प्राचीन लिपिमा सारिएको, केसरपुस्तकालय काठमाडौं हस्तलिखित ग्रन्थसङ्ख्या ६९९ को सौश्रुती संहिता सहोत्तरा[8] (उत्तरतन्त्रसहितको सुश्रुतसंहिता) को ६ क पत्रबाट व्याकरणविषयक अशुद्धि सच्याई माथिको पाठ दिइएको छ । सो पुस्तकमा जहाँ जहाँ अशुद्धि परेका छन्, ती अशुद्धि टिप्पणीमा हालिएका छन् । सुश्रुतसंहिताको यो प्राचीन पुस्तकको पाठ मैले देखेका छापा पुस्तकका पाठभन्दा ठाउँठाउँमा फरक भएकाले माथिको पाठ छापा पुस्तकको पाठभन्दा केही फरक छ । बम्बईको वेङ्कटेश्वर

१.सम्वत्सरः । २. वर्षा । ३. तयोर्दक्षिणम्वर्षाशरद्धेमन्ताः । ४. वर्ष । ५. सम्वत्सरः । ६. परिवत्सरः इदावत्सरः इद्वत्सरः । ७. संज्ञा । ८. केसरपुस्तकालयको सूचीपत्रमा यस पुस्तकको नाउँ महोतर तन्त्र भनी लेखिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

प्रेसबाट प्रकाशित मुरलीधर शर्माको हिन्दी टीकासहितको सुश्रुतसंहिता, बम्बईको निर्णयसागर प्रेसबाट वि. सं. १९७२ मा प्रकाशित यादव त्रिविक्रम आचार्यद्वारा सम्पादित डल्हणको टीकासहितको सुश्रुतसंहिता, काशीको चौखम्बा संस्कृत सीरिज आफिसबाट वि. सं. १९९७ मा प्रकाशित सुदामा मिश्रको संस्कृत टीकासहितको सुश्रुतसंहिता मैले देखेको छु ।)

[माघ आदि १२ महीनाको १ वर्ष हुन्छ । २ महीनाको १ ऋतु भई १ वर्षमा ६ ऋतु हुन्छन् । ती ६ ऋतु शिशिर, वसन्त, ग्रीष्म, वर्षा, शरद्, हेमन्त हुन् । माघ फाल्गुन शिशिर ऋतु, चैत्र वैशाख वसन्त ऋतु, ज्येष्ठ आषाढ ग्रीष्म ऋतु, श्रावण भाद्र वर्षा ऋतु, आश्विन कार्तिक शरद् ऋतु, मार्ग पौष हेमन्त ऋतु हुन् । दक्षिणायन र उत्तरायण गरी २ अयन हुन्छन् । दक्षिणायन भनेको वर्षा शरद् हेमन्त ऋतु, उत्तरायण भनेको शिशिर वसन्त ग्रीष्म ऋतु हो । २ अयनको १ वर्ष हुन्छ । संवत्सर, परिवत्सर, इदावत्सर, इद्वत्सर, वत्सर यी ५ वर्षको १ युग हुन्छ ।]

कौटलीय अर्थशास्त्रको कालमान वेदाङ्गज्यौतिषको कालमान जस्तै पञ्चवर्षात्मक युगअनुसारको छ । कौटल्यको सौरवर्ष वेदाङ्गज्यौतिषको सौरवर्ष जस्तै ३६६ सावनदिनको छ–

त्रिंशदहोरात्रः प्रकर्ममासः ।।५६।। सार्धः सौरः ।।५७।। द्वौ मासावृतुः ।।६३।। श्रावणः प्रोष्ठपदश्च वर्षाः ।।६४।। आश्वयुजः कार्तिकश्च शरत् ।।६५।। मार्गशीर्षः पौषश्च हेमन्तः ।।६६।। माघः फाल्गुनश्च शिशिरः ।।६७।। चैत्रो वैशाखश्च वसन्तः ।।६८।। ज्येष्ठामूलीय आषाढश्च ग्रीष्मः ।।६९।। शिशिराद्युत्तरायणम् ।।७०।। वर्षादि दक्षिणायनम् ।।७१।। द्व्ययनः संवत्सरः ।।७२।। पञ्चसंवत्सरो युगमिति ।।७३।।

(कौटलीय अर्थशास्त्र २ अधिकरण २० अध्याय)

[३० सावनदिनको १ प्रकर्ममास हुन्छ । ३०½ सावनदिनको १ सौरमास हुन्छ । २ महीनाको १ ऋतु हुन्छ । श्रावण भाद्र वर्षा ऋतु, आश्विन कार्तिक शरद् ऋतु, मार्ग पौष हेमन्त ऋतु, माघ फाल्गुन शिशिर ऋतु, चैत्र वैशाख वसन्त ऋतु, ज्येष्ठ आषाढ ग्रीष्म ऋतु हुन् । शिशिर वसन्त ग्रीष्म उत्तरायण, वर्षा शरद् हेमन्त दक्षिणायन हुन् । २ अयनको १ वर्ष हुन्छ । ५ वर्षको १ युग हुन्छ ।]

(पूर्णिमा ३४ अङ्कका ९८–१०० पृष्ठ)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

मेचीदेखि महाकालीनामक पुस्तकमा रहेका इतिहासविषयक परस्परमा बाझिएका कुराका नमूना

—दिनेशराज पन्त

मेचीदेखि महाकालीनामक ग्रन्थ वि. सं. २०३२ मा वजारमा आएको हो। चार भागमा बाँडिएको यस ग्रन्थमा करीब ४४०० पृष्ठ छन्। जांचबुझ केन्द्र राजदरबारवाट तयार गराइएको यो ग्रन्थ श्री ५ को सरकार सञ्चारमन्त्रालय सूचनाविभागवाट शुभराज्याभिषेकवर्ष २०३१ मा प्रकाशित भएको हो। नेपाल अधिराज्यका ७५ वटै जिल्लाका वर्णन यस ग्रन्थमा छन्। यो ग्रन्थ देशविदेशका धेरै विद्वान्हरूवाट तयार गराइएको हो भन्ने कुरा यही ग्रन्थमा छापिएको जाँचबुझ केन्द्रको भूमिकावाट बुझिन्छ[1]।

---

१. अधिराज्यका ७५ जिल्लाहरूकै परिचय र चार विकास क्षेत्रहरूको सारांश भएको यो पुस्तक तयार पार्न धेरै जनाले योगदान दिएका छन्। तर उहाँहरूको संख्या निकै ठूलो भएको हुनाले सबैलाई व्यक्तिगत रूपले आभार प्रकट गर्न सम्भव छैन। सर्वप्रथम, यस पुस्तकको निमित्त यस केन्द्रले तयार पारेको लामो प्रश्नावलीको उत्तर दिएर आधारभूत जानकारी उपलब्ध गराइदिनुभएकोमा र जिल्ला परिचयका मस्यौदा तयार भएपछि त्यसमा आवश्यक प्रतिक्रिया समेत दिनु भएकोमा सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी, जिल्ला स्थित अन्य कार्यालय प्रमुख-हरू र यस कार्यमा सहयोग दिनु भएका स्थानीय बुद्धिजीवीहरूप्रति यो केन्द्र धेरै आभार छ। यी जानकारीहरू जिल्लाहरूबाट सङ्कलन गर्ने कार्यमा सघाउ पुर्‍याइदिनु भएकोमा सम्बन्धित अञ्चलाधीश कार्यालयहरू प्रति पनि यो केन्द्र धन्यवाद व्यक्त गर्न चाहन्छ। यसै गरी श्री ५ को सरकारका विभिन्न मन्त्रालय तथा विभागहरूप्रति पनि यो केन्द्र धन्यवाद ज्ञापन गर्दछ। यस योजनाको प्रारम्भिक अवस्थामा आवश्यक सुझाव र प्रतिक्रियाहरू दिनु भएकोमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. हर्कबहादुर गुरुङलाई र पछि विभिन्न जिल्ला परिचयका मस्यौदाहरूमा प्रतिक्रया दिनु भएका अन्य धेरै विद्वान्हरूप्रति पनि यो केन्द्र कृतज्ञ छ।

माथि उल्लेख गरिए झैं सम्बन्धित जिल्ला परिचयहरूको विभिन्न परिच्छेदमा समावेश गर्ने नेपालका विभिन्न जातिहरूको विषयमा र अन्य विषयहरूमा समेत यस केन्द्रको अनुरोधमा लेखहरू उपलब्ध गराई सहयोग गर्ने निम्न-लिखित स्वदेशी तथा विदेशी विद्वान्हरूप्रति पनि जांचवुझ केन्द्र कृतज्ञता ज्ञापन गर्न चाहन्छ। सर्वप्रथम लिम्बू जातिहरूको विषयमा फ्रेन्च मानवशास्त्री श्री फिलिप सांग, राईहरूको विषयमा बेलायतका मानवशास्त्री डा. एन्. जे. एल्लेन, नेपालस्थित अमेरिकी मानवशास्त्री डा. चार्लस् माएकडुगल र त्रिभुवन विश्वविद्यालयका मानवशास्त्री श्री दिल्लीराम दाहाल, जिरेल र सुरेलहरूको विषयमा फ्रान्सका मानवशास्त्री श्री एलान फुनेर, हायूहरूको विषयमा अमेरिकी भाषाविशेषज्ञ श्री बोएड माइकेलोवस्की, ओखलढुङ्गाको एउटा गाउँको विषयमा अमेरिकी अनुसन्धानकर्ता श्री पिटर प्रिण्डल, गुरुङहरूको विषयमा अमेरिकी मानवशास्त्री डा. डोनाल्ड मेसरस्मिड, माझीहरूको विषयमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

मेचीदेखि महाकालीमा इतिहासविषयका प्रशस्त अशुद्धि रहेका छन् तथा एउटै कुरा पनि परस्परमा बाझिएका छन् ।

मेचीदेखि महाकालीमा भएका इतिहाससम्बन्धी सबै अशुद्धिको सप्रमाण खण्डन गर्न पूर्णिमाको सानो शरीरले अनुमति नदिएकोले मेचीदेखि महाकालीमा इतिहासविषयका परस्परमा बाझिएका कुराहरूको सङ्ग्रह पूर्णिमाको यस अङ्कमा प्रकाशित गर्ने विचार गरी लेख तयार पारिएको थियो । तर परस्परमा बाझिएका कुराको सङ्ग्रह गर्दा पनि लेख धेरै ठूलो हुन गएकोले सो लेखलाई टुक्र्याई त्यसको केही भाग मात्र यहाँ प्रकाशित गरिएको छ ।

(१)

राजा स्थिति मल्ल (१४१८–५२) को शासनले नेपाललाई उन्नतिका मार्गमा उचाल्न समर्थ भएको अनुमान हुन्छ ।

(१ भागको १६ पृ.)

वि. सं. १४५२ सम्म स्थिति मल्लले राज्य गरे भनी यहाँ लेखिएको छ ।

(२)

यसको निर्माण वि. सं. १६९९ मा त्यस वेलाको काठमाडौं राज्यमा राजा जयस्थिति मल्लको शासनकाल छँदा गरिएको हो ।

(२ भागको ८६२ पृष्ठ)

त्रिभुवन विश्वविद्यालयका अनुसन्धानकर्ता श्री दुर्गाप्रसाद रजौरे, चेपाङहरूको विषयमा सोही संस्थाका अनुसन्धानकर्ता श्री नवीन राई, माझी, थकाली, भोटेहरूको विषयमा फ्रान्सका मानवशास्त्री डा. कोनिए जेष्ट, डोल्पाका भोटेहरूको विषयमा अमेरिकी मानवशास्त्री डा. जिम् फिसर, गाइनेहरूको विषयमा फ्रेञ्च मानवशास्त्री मेरी एल्फर, छन्तेल-हरूको विषयमा जर्मन मानवशास्त्री श्री वल्य डिएटर माइकल, राजीहरूको विषयमा अमेरिकी मानवशास्त्री डा. जोहन राइह्लार्ड र हुम्ली तामाङहरूको विषयमा अमेरिकी अनुसन्धानकर्ता सुश्री नाएन्सी लेभाइनले लेखहरू उपलब्ध गराइदिनुभएको हुनाले यो केन्द्र उहाँहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछ। यसैगरी काठमाडौं, भक्तपुर र ललितपुर जिल्लाका ऐतिहासिक पृष्ठभूमि सम्बन्धी परिच्छेदहरू लेखिदिनु भए वापत त्रिभुवन विश्वविद्यालयका इतिहासकार श्री धनवज्र वज्राचार्यलाई र चारवटै विकास क्षेत्रहरूको भौगर्भिक बनावट र खनिज पदार्थका बारेमा छोटकरी विवरण लेखिदिनु भएकोमा श्री ५ को सरकार भौगर्भिक सर्वेक्षण विभागका श्री दिनेशराज भट्टराई र श्री रमेशप्रसाद घर्यालप्रति पनि यो केन्द्र आभार प्रकट गर्न चाहन्छ ।

तर सबभन्दा बढी धन्यवादका पात्र यस केन्द्रमा आई काम गर्नु भएका ती विशेष अधिकृतहरू हुनुहुन्छ जसले विभिन्न स्रोतबाट उपलब्ध भएका र आफआफैंले समेत खोजीनीति गरी बटुलेका विभिन्न जानकारीहरूलाई क्रमबद्ध रूपले मिलाएर प्रत्येक जिल्लालाई एउटा सम्बद्धरूप दिन प्रयत्न गर्नु भयो । . . .

(बाँधबुफ केन्द्रको भूमिका छ–ज पृष्ठबाट)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वि. सं. १६९९ मा स्थिति मल्ल राज्य गर्दै थिए भनी यहाँ लेखिएको छ।

यसरी यहाँ कहीं स्थिति मल्लले वि. सं. १४५२ सम्म राज्य गरे भनी कहीं वि. सं. १६९९ मा स्थिति मल्ल राज्य गर्दै थिए भनी लेखिएको छ ।

(१)

यक्ष मल्लको शेषपछि नेपाल टुक्रिनुको साथै बाईसी र चौबीसीको राज्य खडा भयो ।

(१ भागको १७ पृ.)

तर पछि यक्ष मल्लका छोराहरुमा होडवाजी चली विशाल राज्य टुक्रिएर टाढाका सामन्तहरू स्वतन्त्र भए ।

(२ भागको १९ पृ.)

वि. सं. १५३८ मा यक्ष मल्लको मृत्युपछि नेपाल उपत्यका तीन स्वतन्त्र राज्यहरूमा टुक्रियो ।

(२ भागको ९० पृ.)

यक्ष मल्लको मृत्युपछि छोराहरूमा फुट हुँदा राज्य टुक्रिएर रण मल्लले बनेपामा राज्य गरे ।

(२ भागको १५६ पृ.)

यक्ष मल्लको मृत्युपछि उनका छोराहरूले राज्य टुक्राउन थालेपछि बनेपामा रण मल्लले एक स्वतन्त्र राज्य खडा गरेका थिए ।

(२ भागको ४७८ पृ.)

यक्षमल्लको मृत्युपछि उनका छोराहरूको गृहकलहले राज्य टुक्रियो ।

(२ भागको ६४९ पृ.)

यक्ष मल्ल पछि उनका छोराहरूको आपसी फूटले मल्लराज्य कयौं टुक्रामा विभक्त भयो ।

(२ भागको ७२२ पृ.)

यक्ष मल्लका छोराहरूको कलहले भक्तपुर र कान्तिपुरमा स्वतन्त्र राज्य खडा भएपछि मल्ल राजाहरूको कलहबाट फाइदा उठाई महापात्र विष्णुसिंहले ललितपुरमा आफ्नो एकछत्र राज्य खडा गरे ।

(२ भागको ८५१ पृ.)

यक्ष मल्लको मृत्युपछि उनका उत्तराधिकारीहरूमा कलह भई नेपाल राज्य टुक्र्यो भनी यहाँ लेखिएको छ ।

(२)

वि. सं. १५३० तिर यक्ष मल्लको मृत्यु हुनुभन्दा अगाडि उनले आफ्नो राज्यलाई टुक्रा टुक्रा गरी आफ्ना छोरालाई अंशबण्डा गरिदिएका प्रमाणहरू छन् ।

(१ भागको ५६२ पृ.)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वि. सं. १५३० तिर यक्ष मल्लले आफ्नो राज्य छोराहरूमा विभाजन गरिदिंदा रण मल्लको भागमा बनेपा राज्य पर्न आएको बुझिन्छ ।

(१ भागको ७१८ पृ.)

यक्ष मल्लले आफ्नो जीवनकालमै आफ्ना उत्तराधिकारीहरूलाई राज्य बाँडी नेपालराज्य टुक्र्याए भनी यहाँ लेखिएको छ ।

यसरी यहाँ कहीँ यक्ष मल्लको मृत्युपछि उनका उत्तराधिकारीहरूमा कलह भई नेपालराज्य टुक्र्यो भनी कहीँ यक्ष मल्लले आफ्नो जीवनकालमै आफ्ना उत्तराधिकारीहरूलाई राज्य बाँडी नेपालराज्य टुक्र्याए भनी लेखिएको छ ।

(१)

पृथ्वीनारायण शाहको मृत्यु भएपछि जेठा छोरा प्रतापसिंह शाह राजगद्दीमा बसे । पृथ्वीनारायण शाहकै पालामा सिक्किमसँग लडाईं हुन ठीक परिसकेको थियो । परन्तु प्रताप सिंह शाह आफू राजा भएपछि सो लडाईंलाई सकभर रोक्ने चेष्टा गरेका थिए । आफ्ना विश्वासी काजी देवान स्वरूपसिंह कार्कीलाई पूर्वका किरात प्रदेशमा बन्दोवस्त मिलाउने काममा पट्टि नै लगाए । प्रतापसिंह शाहको शेषपछि सिक्किमका सेनापति सत्राजित र उनका साथी देवाव कार्कीहरूसँग नेपालीहरूको धेरै वर्षसम्म बराबर सानो तिनो लडाईं परिरहेकै थियो ।

(१ भागको २० पृ.)

पृथ्वीनारायण शाहको मृत्युपछि उनका जेठा छोरा प्रतापसिंह शाह नेपालका राजा भए । दुई वर्ष नौ महीना राज्य गरी प्रतापसिंह शाहको मृत्यु भयो र उनका छोरा रणबहादुर शाहलाई राजगद्दीमा राखेर बहादुर शाहले नायब बनी नेपालको राजकाज चलाउन थाले ।

(२ भागको २५ पृ.)

केरूङ, खासा र कुतीमा व्यापार गर्ने जुन सुविधा मल्लराजा प्रताप मल्ल र गोरखाको राजा राम शाहले पाएका थिए त्यहि सन्धिलाई उद्धरण गरी प्रतापसिंह शाहको पालामा (वि. सं. १८३२) सन्धि भएका थियो ।

(२ भागको ४३१ पृ.)

वि. सं. १८३१ मा पृथ्वीनारायण शाहको मृत्यु भएपछि प्रतापसिंह शाहबाट तिब्बतसँग व्यापारको लागि वि. सं. १८३२ मा नेपाल–भोट सन्धि (धर्मपत्र) भएको थियो ।

(२ भागको ५४४ पृ.)

वि. सं. १८३१ माघे संक्रान्तिको दिन देवीघाटमा पृथ्वीनारायण शाहको देहावसान भएपछि उनका जेठा छोरा प्रतापसिंह शाह (१८३१–३४) राजगद्दीमा बसे । उनी विजिगीषु प्रकृतिका थिएनन् तापनि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

उनले सुनेश्वर (चितौन) विजय गरी वाह्य आक्रमणको खतरा रोकेथे । भोटसँग सन्धि गरी व्यापार सम्बन्ध सपार्ने चेष्टा उनले गरेथे । श्री ५ प्रतापसिंह शाह पछिका शाहवंशी राजाहरू हालसम्म क्रमशः यसप्रकार भएका छन्–

(२ भागको ७२४ पृ.)

पृथ्वीनारायण शाहको ई. सं. १७७५ मा देहावसान भएपछि प्रतापसिंह शाह राजगद्दीमा बसे । तर प्रतापसिंह शाहको शासनावधि जम्मा दुई वर्ष नौ महीना रह्यो । यस छोटो अवधिमा उपरदाङगडी र चितौन क्षेत्र नेपाल अधिराज्यमा समावेश भए ।

प्रतापसिंह शाहको मृत्यु पछि ई. सं. १७७७ मा नावालक रणवहादुर शाह राजगद्दीमा बसे र राजमाता राजेन्द्र लक्ष्मी देवीले नायव भई शासन चलाइन् ।

(३ भागको २० पृ.)

पृथ्वीनारायण शाहको उत्तराधिकारी प्रतापसिंह शाहको मृत्युपछि नेपालको दरबारमा बहादुर शाह र राजमाता राजेन्द्रलक्ष्मीको बीचमा अधिकार आफ्ना आफ्ना हातमा राख्ने विषयमा झगडा चल्दै रह्यो ।

(३ भागको १८४ पृ.)

पृथ्वीनारायण शाहपछि उनका जेठा छोरा प्रतापसिंह शाहको दुई वर्ष नौ महीना जतिको राज्यकालमा पनि नेपाल अधिराज्यको एकीकरण प्रक्रिया रोकिएको थिएन ।

(३ भागको ४५४ पृ.)

सन् १७७५ मा पृथ्वीनारायण शाहको मृत्यु-पछि प्रताप सिंह शाहले आफ्नो राज्यकालमा कविलासपुर माथि विजय प्राप्त गरेका थिए ।

(४ भागका ६०–६१ पृ.)

पृथ्वीनारायण शाहको देहान्त पछि उक्त महान अभियानलाई प्रतापसिंह शाह, नायब राजेन्द्र लक्ष्मी र नायब बहादुर शाहले सक्रियताका साथ सञ्चालन गर्दै रहे ।

(४ भागका ९३१–९३२ पृ.)

पृथ्वीनारायण शाहका जेठा छोराको नाम प्रतापसिंह शाह हो भनी यहाँ लेखिएको छ ।

(२)

यहाँ सिंहप्रताप शाहका समकालीन पुराना कवि उदयानन्द अर्यालको निवासस्थानको भग्नावशेष छ ।

(१ भागको ८२९ पृ.)

यता, पृथ्वीनारायण शाहको स्वर्गारोहण पछि उनका जेठा छोरा सिंह प्रताप शाह राजा भए । नेपाल एकीकरण गर्ने आफ्ना पूज्य बुवाको सपनालाई साकार गर्ने कुरामा आफ्नो छोटो शासनकालमा पनि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यिनी निकै सक्रियताका साथ लाग्न थाले । यिनले पूर्वतिर राज्य विस्तार गर्ने विचार गरेका थिए । तर तनहूँको स्थितिमा ठूलो परिवर्तन आइसकेको थियो । हर कुमारदत्त सेन र इष्ट इण्डिया कम्पनीको समझदारी अनुसार तनहूँ र त्यस अन्तर्गतको तराई प्रदेश अंग्रेजहरूको मातहतमा जाने भएको थियो । त्यसैले सिंह प्रताप शाहले पूर्वतिरको सट्टा पश्चिमतिर हान्ने शुरु लिए ;र अभिमान सिंह बस्नेतलाई सो कार्यको जिम्मा दिए ।

(२ भागको १२२५ पृ.)

सिंह प्रताप शाहको स्वर्गारोहण पनि यहीँ भएको थियो ।

(२ भागको १२२९ पृ.)

पृथ्वीनारायण शाहका जेठा छोराको नाम सिंहप्रताप शाह हो भनी यहाँ लेखिएको छ ।

यसरी यहाँ कहीँ पृथ्वीनारायण शाहका जेठा छोराको नाम प्रतापसिंह शाह भनी कहीँ सिंहप्रताप शाह भनी लेखिएको छ ।

(१)

मुकुन्द सेन प्रथम (१५१८–१५५३ इ.) का कान्छा छोरा लोहाङ्ग सेनले पूर्वी तराईको विजयको सिलसिलामा कोशी नदीसम्मको स–साना ठकुराईहरूलाई क्रमशः हटाउँदै लगी आफ्नो राज्यमा मिलाएका थिए ।

(१ भागको २१२ पृ.)

सोह्रौं शताब्दीको आखिर अर्थात् :१५१८–१५५३ ई. मा जुनबेला यस प्रदेशमा विजयनारायणले राज्य गरिरहेका थिए त्यसबेला काठमाडौंमा रत्नमल्ल तथा पाल्पातर्फ मुकुन्द सेन (प्रथम) राजा भइरहेका थिए ।

(१ भागको ४३३ पृ.)

पाल्पातर्फ मुकुन्द सेनको राजकाज भएको बेला (वि. सं. १५७५–१६१०) मोरङ्ग प्रदेशको विजयपुरमा विजयनारायण राज्य गर्दथे ।

(१ भागको ५०१ पृ.)

मात्र किरातको प्रभाव क्षेत्रमा रहेको उदयपुर जिल्लाको इतिहास पाल्पाका राजा मुकुन्द सेनको शासनकाल (१५१८–१५५३ ई. भन्दा अघि) अस्पष्ट छ ।

(१ भागको ७६८ पृ.)

तर यस अवधिमा मुकुन्द सेन जीवितै रहेका हुँदा यो विजय १५१८–१५५३ ई. को अवधि भित्र भएको होभन्न सहजै सकिन्छ ।

(१ भागको ८१६ पृ.)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पाल्पामा ई. १५१८–१५५३ सम्म ३५ वर्ष शासन चलाएका पाल्पाली राजा मुकुन्द सेन (प्रथम) को राज्य कालमा यिनका कान्छा छोरा लोहाङ्ग सेनले पूर्वी तराई विजय गर्ने अभियान अन्तर्गत वर्तमान सिराहा समेतको भू–भागमा यि विजय प्राप्त गरे ।

(१ भागको ८६८ पृ.)

रुद्र सेन पछि उनका छोरा मुकुन्द सेन पाल्पाका राजा भए र मुकुन्द सेनको शासनकाल वि. सं. १५७५ देखि १६१० (इ. सं. १५१८–१५५३) सम्म रहेको अनुमान गरिएको छ ।

(२ भागको ३७० पृ.)

यस क्रममा पाल्पाली सेन वंशका राजा मुकुन्द सेन (प्रथम) को ई. सं. १५१८–१५५३ को राज्य-कालका बीच यिनका छोरा लोहाङ्ग सेनले रौतहट इलाका सहित कोशी क्षेत्र दखल गरे ।

(२ भागको १०३१ पृ.)

पाल्पाका राजा मुकुन्द सेन (प्रथम) को राज्य-काल (ई. सं. १५१८–१५५३)मा उनको राज्य विस्तार गर्ने अभियानको सिलसिलामा उनका कान्छा छोरा लोहाङ्ग सेनले पर्सा क्षेत्र सहित कोशी क्षेत्र दखल गरेका थिए ।

(२ भागको ११५४ पृ.)

वि. सं. १५७५ देखि १६१० सम्म मुकुन्द सेनले राज्य गरेका थिए भनी यहाँ लेखिएको छ ।

(२)

यिनका छोरा मुकुन्द सेन प्रथम एक महत्वाकांक्षी राजा थिए । यिनले करीब ३५ वर्षको शासनकालमा (ई. सं. १५४०–७५) पूर्वमा दूधकोशीसम्म विजय गरेका थिए ।

(३ भागको १८ पृ.)

पाल्पाका प्रख्यात राजा मुकुन्द सेन रुद्र सेनका छोरा हुन् र यिनलाई मुकुन्द सेन (प्रथम) पनि भनिन्छ । यिनी ई. सं. १५४० मा पाल्पाको गद्दीमा बसेका थिए र करीब ३५ वर्षसम्म यिनले राजकाज चलाएका थिए ।

(३ भागको ७७४ पृ.)

यिनका छोरा मुकुन्द सेन प्रथमको ३५ वर्षको शासन काल (ई. सं. १५४० देखि १५७५) मा सेनराज्य पश्चिम पाल्पा देखिन् पूर्वमा कोशी क्षेत्रसम्म फैलिएको थियो ।

(३ भागको ९४९ पृ.)

रुद्र सेनको पालामा पाल्पा कब्जा गरेर यिनका छोरा मुकुन्द सेन प्रथमको ३५ वर्षको शासन काल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

ई. सं. १५४० देखि १५७५ मा सेन राज्य पश्चिममा पाल्पादेखि पूर्वमा कोशी क्षेत्रसम्म फैलिएको थियो।

(३ भागका १०११–१०१२ पृ.)

ई. सं. १५४० देखि १५७५ सम्म (वि. सं. १५९७ देखि १६३२ सम्म) मुकुन्द सेनले राज्य गरे भनी यहाँ लेखिएको छ।

यसरी यहाँ कहीँ मुकुन्द सेनले वि. सं. १५७५ देखि १६१० सम्म राज्य गरे भनी कहीँ वि. सं. १५९७ देखि १६३२ सम्म राज्य गरे भनी लेखिएको छ।

(१)

अब पृथ्वीनारायण शाहले विशेष गरेर दोलखा जिल्लामा रहेको ठोसेको फलाम खानी आफ्नो दखलमा ल्याउनको निमित्त दूधकोशीसम्म नै आफ्नो दखल जमाउनु नितान्त आवश्यक थियो। यसकारणले पृथ्वीनारायण शाहले तुलाराम पाण्डे र कहरसिंह बस्न्यातका हातमा दोलखाली देशवार प्रधानहरूलाई "पालुङ्गे, टिष्टुङ्गे र चितलाङ्गे सोझा भई हामीसँग मिलेका हुनाले उनको रक्षा हामीले गरेका छौं। नालदुम पूर्व हाम्रो अम्वल भयो। तिमी प्रजापात हो मेरा हजूर्मा आओ। तिम्रा जिउ–धनको म रक्षा गरूँला। पीछा दिइ अर्को तरह गरे भने श्रीगोरखनाथको कुदृष्टि। धर्म दिइकन पनि नआए तिमीहरूको जायदाद गरौंला" भन्ने सन्देश पठाउँदा यिनीहरू गोरखाराज्यमा मिल्न मन्जूरभएका हुनाले दूधकोशीसम्मको भू–भाग गोरखाराज्यमा सम्मिलित भयो। यो पत्र व्यवहार भएको ई. सं. १७५४ को अगष्ट महीनामा हो।

(१ भागको ७२१ पृ.)

अब पृथ्वीनारायण शाहको विशेष गरेर दोलखा जिल्लामा रहेको ठोसेको फलाम खानी आपनो दखलमा ल्याउनको निमित्त दूधकोशीसम्म नै आपनो दखल जमाउनु आवश्यक थियो। यसकारणले पृथ्वीनारायण शाहले तुलाराम पांडे र कहरसिंह बस्न्यातका हातमा दोलखाली देशवार प्रधानहरूलाई 'पालुङ्गे' 'टिष्टुङ्गे' र 'चित्तलाङ्गे' सोझा भई हामीसँग मिलेका हुनाले उनको रक्षा हामीले गरेका छौं। नालदुम पूर्व हाम्रो अम्वल भयो। तिमी प्रजापात हौ मेरो हजुर्मा आओ। तिम्रा जिउ–धनको म रक्षा गरूँला। पीछा दिई अर्को तरह गरे भने श्री गोरखनाथको कुदृष्टि। धर्म दिइकन पनि नआए तिमीहरूको जायदाद गरौंला भन्ने सन्देश पठाउँदा यिनीहरू गोरखाराज्यमा मिल्न मन्जूर भएका हुनाले दूधकोशीसम्मको भू–भाग गोरखाली राज्यमा सम्मिलित भयो। यो पत्र व्यवहार भएको ई. सं. १७५४ को अगष्ट महीनामा हो।

(२ भागका १५९–१६० पृ)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

ई. सं. १७५४ (वि. सं. १८११) मा दोलखामा पृथ्वीनारायण शाहको अधिकार भयो भनी यहाँ लेखिएको छ ।

(२)

विशेषगरेर दोलखा जिल्लामा रहेको ठोसेको फलाम खानी आफ्नो दखलमा ल्याउनको निमित्त दूधकोशी-सम्म नै पृथ्वीनारायणले आफ्नो मुठीमा राख्नु पर्ने भएको थियो । पृथ्वीनारायण शाहले तुलाराम पाण्डे र कहरसिंह बस्न्यातका हातमा दोलखाली देशवार प्रधानहरूलाई "नालद्रूम पूर्व मेरो अम्वल भयो । तिमी प्रजापात्र हौ मेरो हजुर्मा आओ । तिम्रा जिउ धनको म रक्षा गरौंला" भनेर पत्र पठाएपछि दोलखालीहरू गोरखा राज्यमा मिल्न मञ्जूर भएकाले दूधकोशीसम्मको भू-भाग गोरखा राज्यमा सम्मिलित भयो । वि. सं. १८०३ सम्ममा नुवाकोट, सिन्धुपाल्चोक र दोलखा पृथ्वीनारायण शाहको अधिकार क्षेत्रभित्र परिसकेको थियो ।

(२ भागको ९४ पृ.)

वि. सं. १८०३ मा दोलखामा पृथ्वीनारायण शाहको अधिकार भयो भनी यहाँ लेखिएको छ ।

यसरी यहाँ कहीँ पृथ्वीनारायण शाहको दोलखामा वि. सं. १८११ मा अधिकार भयो भनी कहीँ वि. सं. १८०३ मा अधिकार भयो भनी लेखिएको छ ।

(१)

वि. सं. १८५५ मा रणबहादुर शाह ले राज्य त्याग गरी सन्यास ग्रहण गरेपछि गीर्वाणयुद्ध विक्रम शाहको नामबाट नेपालमा शासन चलन थाल्यो ।

(२ भागको २६ पृ.)

वि. सं. १८५५ मा गीर्वाणयुद्धविक्रम शाह राजा भए भनी यहाँ लेखिएको छ ।

(२)

अतः पृथ्वीपाल सेन काठमाडौं झिकाइए र उनको हातबाट ई. सं. १७९७ मा गीर्वाणयुद्ध विक्रम शाहको राजतिलक सम्पन्न भयो ।

(३ भागको ७७६ पृ.)

त्यसबेलासम्म पाल्पाको राजवंशको ठूलो प्रतिष्ठा भएको र पाल्पा राज्य विशेष शक्तिशाली मानिएकोले पाल्पाका राजा पृथ्वीपाल सेनबाट गीर्वाण युद्ध विक्रम शाहलाई राजतिलक लगाउने योजना अनुरूप सन् १७९७ मा दुई बर्षका बालक गीर्वाग युद्धविक्रम शाहको राजतिलककार्य सम्पन्न गराइयो ।

(३ भागको ८३० पृ.)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पाल्पाली राजा महादत्त सेनका छोरा पृथ्वीपाल सेनको हातबाट गीर्वाण युद्ध विक्रम शाहको राजतिलक दिने काम सन् १७९७ (वि. सं. १८५४) मा, गराइयो ।

(३ भागको ९५० पृ.)

पाल्पाली राजा महादत्त सेनका छोरा पृथ्वीपाल सेनको हातवाट गीर्वाण युद्ध विक्रम शाहलाई १७९७ ई. मा राजतिलक दिने कार्य सम्पन्न-गराइयो ।

(३ भागको १०१३ पृ.)

वि. सं. १८५४ मा गीर्वाणयुद्धविक्रम शाह राजा भए भनी यहाँ लेखिएको छ ।

यसरी यहाँ कहीँ गीर्वाणयुद्धविक्रम शाह वि. सं. १८५५ मा राजा भए भनी कहीँ वि. सं. १८५४ मा राजा भए भनी लेखिएको छ ।

(१)

सन् १७९५ मा रणबहादुर शाह नेपालका राजा भए ।

(२ भागको २६६ पृ.)

ई. सं. १७९५ (वि. सं. १८५२) मा रणबहादुर शाह राजा भए भनी यहाँ लेखिएको छ ।

(२)

प्रतापसिंह शाहको मृत्यु पछि ई. सं. १७७७ मा नावालक रणवहादुर शाह राजगद्दीमा बसे र राजमाता राजेन्द्र लक्ष्मी देवीले नायब भई-शासन चलाइन् ।

(३ भागको २० पृ.)

ई. सं. १७७७ (वि. सं.१८३४) मा रणवहादुर शाह राजा भए भनी यहाँ लेखिएको छ ।

यसरी यहाँ कहीँ रणवहादुर शाह वि. सं. १८५२ मा राजा भए भनी कहीँ वि. सं. १८३४ मा राजा भए भनी लेखिएको छ ।

(१)

वि. सं. १९३३ (सन् १८७६–७७) को हिउँदमा नेपालका प्रथम राणा प्रधानमन्त्री जङ्गबहादुर सर्लाहीमा शिकार खेल्न गएका थिए र उनी त्यहीं बिरामी परे । उनलाई बागमतीको किनारमा अवस्थित पत्थर घट्टामा ल्याइयो । सन् १८७७ को फेब्रुअरी महीनामा जङ्गबहादुरको निधन भयो र उनकी पांचवटी रानीहरूमध्ये तीनवटी सती गए ।

(२ भागको ३७२ पृ.)

वि. सं. १९३३ मा जङ्गवहादुरको मृत्यु भयो भनी यहाँ लेखिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(२)

विक्रम सम्वत् १९३८ को औलो पर्वपछि सो पर्वमा साथ दिने पर्वते राजाका कुनै एक सन्तानलाई पक्रन र मुक्तिक्षेत्रको समेत दर्शन गर्न प्रधानमन्त्री जङ्गबहादुर बागलुङमा आएको बखत उनले बनाउन लगाएको यस मन्दिरको नाउँ जङ्गेश्वर महादेव राखेको मनिन्छ ।

(३ भागको ६७९ पृ.)

वि. सं. १९३८ सम्म पनि जङ्गबहादुर बाँचेकै थिए भनी यहाँ लेखिएको छ ।

यसरी यहाँ कहीँ वि. सं. १९३३ मा जङ्गबहादुरको मृत्यु भयो भनी कहीँ वि. सं. १९३८ सम्म पनि जङ्गबहादुर बाँचेकै थिए भनी लेखिएको छ ।

(१)

ई. सं. १३९१ सम्मका अभय मल्लका ऐतिहासिक सामग्री गोरखामा पाइएको छ ।

(३ भागको १७ पृ.)

यस बंशका अन्तिम ~~शासक~~ अभय मल्लको वि. सं. १४४८(ई. सं. १३९१) सम्मको पुरातात्विक सामग्री पाइएको छ ।

(३ भागको ४५१ पृ.)

अभय मल्ल (इ. स. १३७६–९१)पछि खशिया मल्लको राज्य पतन भएकोले केही समय सम्म यस विशाल राज्यको इलाकामा राजनैतिक अस्थिरता भएको देखिन्छ ।

(३ भागको ६२४ पृ.)

यस वंशका अन्तिम शासक अभय मल्ल थिए । अहिलेसम्म प्राप्त ऐतिहासिक सामग्रीको आधारमा ई. सं. १३९१ सम्म उनले शासन गरेका थिए ।

(४ भागको २९३ पृ.)

अहिलेसम्म पाइएको ऐतिहासिक सामग्रीहरूका आधारमा अभय मल्लले ई. सं. १३९१ सम्म शासन चलाएका थिए ।

(४ भागको ३९६ पृ.)

शक संवद् १३१३ (ई. सं. १३९१) सम्म अभय मल्लको ताम्रपत्र पाइएको छ ।

(४ भागको ३९६ पृ.)

अभय मल्लका अभिलेखहरू ई. सं.१३७६ देखि १३९१ सम्मका पाइएका छन् ।

(४ भागको ४५१ पृ.)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अभय मल्ल गेला वंशका अन्तिम शासक थिए । यिनको अन्तिम ऐतिहासिक सामग्री ई. सं. १३९१ को हो र १३९३ मा जुम्लामा मेदिनी वर्मा शासकको रूपमा देखापर्दछन् ।

(४ भागको ५११ पृ.)

अभय मल्ल यस वंशका अन्तिम शासक थिए । यिनको अभिलेख ई. सं. १३९१ सम्म पाइएको छ ।

(४ भागको ५५७ पृ.)

अहिलेसम्म पाइएका ऐतिहासिक सामग्रीको आधारमा अभय मल्लले ई. सं. १३९१ सम्म शासन गरेको देखिन्छ ।

(४ भागको ६१२ पृ.)

वि. सं. १४४८ सम्म अभय मल्लले राज्य गरे भनी यहाँ लेखिएको छ ।

(२)

तर ईस्वी सन् १३७८ मा त्यस राज्यको अन्तिम राजा अभय मल्लको पतन भएपछि कुमाउदेखि सल्यान-सम्मका महत्वाकांक्षी र साहसी ठकुरीहरूले कर्णाली प्रदेशको पूर्वमा समेत अनेकौं नयां राज्य रजौटाहरू खडा गरे ।

(३ भागको ३८४ पृ.)

ई. सं. १३७८ (वि. सं. १४३५) सम्म अभय मल्लले राज्य गरे भनी यहाँ लेखिएको छ ।

यसरी यहाँ कहीं अभय मल्लले वि. सं. १४४८ सम्म राज्य गरे भनी कहीं वि सं. १४३५ सम्म राज्य गरे भनी लेखिएको छ ।

(१)

विजयश्रीले अँगालिएका गोरखाली फौजले तनहूँ, कास्की र लमजुङमाथि पनि कब्जा गरे । लमजुङका राजा वीरमर्दन शाह तराईतर्फ भागे । यसरी ई. सं. १७८२ मा लमजुङ राज्य गोरखालीले सिर्जना गरेको विशाल नेपाल अधिराज्यमा सम्मिलित भयो ।

(३ भागका १८४–१८५ पृ.)

लमजुङका अन्तिम राजा वीरमर्दन शाह हुन् भनी यहाँ लेखिएको छ ।

(२)

चौबीसी राज्यहरूमध्ये एक शक्तिशाली राज्य लमजुङ राजेन्द्रलक्ष्मी देवीको नायबीकालमा बृहत् नेपाल अधिराज्यको अभिन्न अङ्ग भयो । यस राज्यमा शासन गर्ने राजाहरूका नाम यसप्रकार छन्ः यशोब्रह्म शाह, नरहरि शाह, चूडा शाह, अचिन्त्र शाह, नरेन्द्र शाह, केहरिनारायण शाह, भीम शाह, रिपुमर्दन शाह, वीरमर्दन शाह र बीरभूपाल शाह ।

(३ भागको १८५ पृ.)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

लमजुङ्का अन्तिम राजा वीरभूपाल शाह हुन् भनी यहाँ लेखिएको छ ।

यसरी यहाँ कहीँ लमजुङ्का अन्तिम राजा वीरमर्दन शाह हुन् भनी कहीँ वीरभूपाल शाह हुन् भनी लेखिएको छ ।

(१)

यस प्रकार अभय मल्ल वि. सं. १४४८ सम्म राजा भएकाले वि. सं. १४२९ मा जुम्लाको राजगद्दीमा मलेबम (मलेबम प्रथम) बसेको कुराको ऐतिहासिक प्रमाण केही पाइँदैन । अरू शोधकार्य भएपछि मात्र यस कुराको तथ्य पछि खुल्न जानेछ ।

(३ भागका ४५१–४५२ पृ.)

वि. सं. १४२९ मा मलेवम जुम्लाको राजगद्दीमा बसेको प्रमाण पाइँदैन भनी यहाँ लेखिएको छ ।

(२)

विक्रम सम्वत् १४२९ तिर मलेवम जुम्लाको राजगद्दीमा बसेपछि यिनले जुम्लादेखि पूर्वतर्फका धेरै प्रदेशहरू जिते ।

(३ भागको ६७१ पृ.)

वि. सं. १४२९ तिर मलेवम जुम्लाको राजगद्दीमा वसे भनी यहाँ लेखिएको छ ।

यसरी यहाँ कहीँ वि. सं. १४२९ मा मलेबम जुम्लाको राजगद्दीमा बसेको प्रमाण पाइँदैन भनी कहीँ वि. सं. १४२९ तिर मलेवम जुम्लाको राजगद्दीमा वसे भनी लेखिएको छ ।

(१)

रणबहादुर शाहको मृत्यु पछि मुख्तियार भीमसेन थापाले पाल्पा लगायत गुल्मी, अर्घा र खाँची बृहत् नेपालमा वि. सं. १८६३ मा गाभे ।

(३ भागको ७२४ पृ.)

यसरी अर्घा र खाँची जुन तत्कालीन पाल्पा राज्यकै भाग थिए सन् १८०६ मा नेपाल अधिराज्यमा गाभिए ।

(३ भागको ८३१ पृ.)

वि. सं. १८६३ मा अर्घा र खाँची नेपाल अधिराज्यमा गाभिए भनी यहाँ लेखिएको छ ।

(२)

नेपाल अधिराज्यमा सन् १८०४ मा गाभिए पछि अर्घा र खाँची राज्य अन्तर्गत पर्ने इलाकाहरू पाल्पा गौंडाबाट प्रशासित हुँदै आएका थिए ।

(३ भागको ८६५ पृ.)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

ई. सं. १८०४ (बि. सं. १८६१) मा अर्घा र खाँची नेपाल अधिराज्यमा गाभिए भनी यहाँ लेखिएको छ ।

यसरी यहाँ कहीं अर्घा र खांची नेपाल अधिराज्यमा वि. सं. १८६३ मा गाभिए भनी कहीं वि. सं. १८६१ मा गाभिए भनी लेखिएको छ ।

(१)

काजी शिवनारायण खत्री र सरदार प्रवल रानाले जुम्लामा वि. सं. १८४६ मा हमला गरी जुम्लाका राजा शोमान शाहीलाई हराई जुम्ला माथि वि. सं. १८४८ मा विजय प्राप्त गरे ।

(४ भागको २९४ पृ.)

बि. सं. १८४६ मा जुम्लामा आक्रमण गरी वि. सं. १८४८ मा जुम्ला बिजय गरियो भनी यहाँ लेखिएको छ ।

(२)

ई. सं. १७८७ मा नेपाली फौजले जुम्ला माथि हमला गरे । उक्त फौजका सेनानीहरू काजी शिवनारायण खत्री र सरदार प्रवल राना थिए । शोमान शाहीले २२,००० फौजहरू लिई लडेका थिए । लडाईं दुई वर्षसम्म चल्यो र शोमान शाहीको फौजहरू आ-आफ्नो घर गई बसेको मौका पारी बि. सं. १८४६ अशोज ३ गते नेपाली फौजले अकस्मात् आक्रमण गरी जुम्लामाथि विजय प्राप्त गरे ।

(४ भागको ४५४ पृ.)

ई. सं. १७८७ (वि. सं. १८४४) मा जुम्लामा आक्रमण गरी बि. सं १८४६ मा जुम्ला विजय गरियो भनी यहाँ लेखिएको छ ।

यसरी यहाँ कहीं वि. सं. १८४६ मा जुम्लामा आक्रमण गरी वि. सं. १८४८ मा जुम्ला विजय गरियो भनी कहीं वि. सं. १८४४ मा जुम्लामा आक्रमण गरी बि. सं. १८४६ मा जुम्ला विजय गरियो भनी लेखिएको छ ।

माथिका उद्धरणबाट मेचीदेखि महाकालीनामक ग्रन्थ परस्परविरुद्ध कुराहरूको सङ्ग्रह बन्न पुगेको छ भन्ने स्पष्ट हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेले बनाएको रत्नदीप

सूर्यचन्द्रस्पष्टीकरणाधिकार (दोस्रो अध्याय)

प्रतिसंस्कर्ता – नयराज पन्त
सम्पादक तथा अनुवादक – रामजी तेवारी

४३ प्रक्रम–

अयनांश ल्याउने रीति

मूल रूप

गताब्दयुक्ता गजनन्दसूर्याः
स्वदिग्लवोना विहृताः खतर्कैः ।
स्युस्तेऽयनांशाः ॥१॥

प्रतिसंस्कृत रूप

वर्षौघयुक्ता गजनन्दसूर्याः १२९८
स्वदिग् १० लवोना विहृताः खतर्कैः ६० ।
भवेयुरंशा अयनाभिधानाः
श्रीसूर्यसिद्धान्तविधानसिद्धाः ॥१॥

अन्वय[1]– वर्षौघयुक्ताः गजनन्दसूर्याः स्वदिग्लवोनाः [कार्याः] । खतर्कैः विहृताः [कार्याः] । श्रीसूर्यसिद्धान्त-विधानसिद्धाः अयनाभिधानाः अंशाः भवेयुः ।

पदार्थ– वर्षौघयुक्ताः=वर्षगण जोडिएका, गजनन्दसूर्याः=१२९८, स्वदिग् लवोनाः= आफ्नो दशौं भाग घटेका, कार्याः=गर्नू । खतर्कैः=६० ले, विहृताः=भाग लिइएका, कार्याः=गर्नू । श्रीसूर्यसिद्धान्तविधानसिद्धाः= सूर्यसिद्धान्तको रीतबाट आएका, अयनाभिधानाः=अयन नाम भएका, अंशाः= अंश, भवेयुः= हुन्छन् ।

भावार्थ– वर्षगणमा १२९८ जोड्नू । योगफललाई १० ले भाग लिनू । कलादि लब्धि आउँछ । कलारूप योगफल-बाट कलादि लब्धि घटाउनू । शेषलाई ६० ले भाग लिनू । अंशादि लब्धि आउँछ । यो अंशादि लब्धि अयनांश हुन्छ । सूर्यसिद्धान्तबाट आउने अयनांश यो हो ।

$$\frac{(\text{वर्षगण} + १२९८) - \frac{१}{१०}\text{स्व}}{६०} \text{ अंशादि} = \text{अयनांश}$$

---

१. अन्वय र पदार्थ प्रतिसंस्कृत रूपका हुन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

उदाहरण

वि. सं. १८७१ को अयनांश ल्याउँदा

यस वर्षको वर्षगण १७ हो (१ प्रक्रमको उदाहरण हेर्नुहोस्)। वर्षगण १७ मा १२९८ जोड्दा योगफल १३१५ आउँछ। योगफल १३१५ लाई १० ले भाग लिंदा लब्धि १३१ कला ३० विकला आउँछ। कलादि यो लब्धि १३१।३० लाई कलारूप योगफल १३१५ बाट घटाउँदा शेष ११८३ कला ३० विकला आउँछ। कलादि यो शेष ११८३।३० लाई ६० ले भाग लिंदा लब्धि १९ अंश ४३ कला ३० विकला आउँछ। अंशादि यो लब्धि १९।४३।३० वि. सं. १८७१ को अयनांश हुन्छ।

```
  १२९८
+ १७ वर्षगण
  १३१५
```

```
              क. । वि.
१०) १३१५ ( १३१ । ३०
    १०
    ३१
    ३०
     १५
     १०
      ५
    ×६०
१)    ५
     ×६
     ३०
```

```
     क.   । वि.
   १३१५ । ०
  −१३१ । ३०
   ११८३ । ३०
```

```
       क.  । वि.     अं. । क. । वि.
६०) ११८३ । ३०    (१९ । ४३ । ३०
    ६०
    ५८३
    ५४०
     ४३
```

	अं. । क. । वि.
वि. सं. १८७१ को अयनांश	१९ । ४३ । ३०

३२ प्रश्नमाला

तल दिइएका वर्षका अयनांश ल्याऊ।

(१) वि. सं. २०२३	(४) वि. सं. २०२०	(७) वि. सं. १८६०	(१०) वि. सं. १८६८
(२) वि. सं. २०२२	(५) वि. सं. २०१९	(८) वि. सं. १८६१	(११) वि. सं. १८६९
(३) वि. सं. २०२१	(६) वि. सं. २०१८	(९) वि. सं. १८६७	(१२) वि. सं. १८७०

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(१३) वि. सं. १९६०　　(१५) वि. सं. १९७०　　(१७) वि. सं. १८५४
(१४) वि. सं. १९६१　　(१६) वि. सं. १९७१　　(१८) वि. सं. १८५५

उत्तर

	अं.	क.	वि.		अं.	क.	वि.		अं.	क.	वि.		अं.	क.	वि.
(१)	२२	०	१८	(६)	२१	५५	४८	(११)	१९	४१	४२	(१६)	२१	१३	३०
(२)	२१	५९	२४	(७)	१९	३३	३६	(१२)	१९	४२	३६	(१७)	१९	२८	१२
(३)	२१	५८	३०	(८)	१९	३४	३०	(१३)	२१	३	३६	(१८)	१९	२९	६
(४)	२१	५७	३६	(९)	१९	३९	५४	(१४)	२१	४	३०				
(५)	२१	५६	४२	(१०)	१९	४०	४८	(१५)	२१	१२	३६				

४४ प्रक्रम–

वि. सं. १८५४ भन्दा अगाडिका वर्षका अयनांश ल्याउने उदाहरण

१ उदाहरण

वि. सं. १८५३ को अयनांश ल्याउँदा

विक्रमसंवत् १८५३ को वर्षगण ऋण १ हो (३ प्रक्रमको १ उदाहरण हेर्नुहोस्) । वर्षगण ऋण १ लाई १२९८ मा जोड्दा (१२९८ बाट वर्षगण १ घटाउँदा) योगफल १२९७ आउँछ। योगफल १२९७ लाई १० ले भाग लिंदा लब्धि १२९ कला ४२ विकला आउँछ। कलादि यो लब्धि १२९।४२ लाई कलारूप योगफल १२९७ बाट घटाउँदा शेष ११६७ कला १८ विकला आउँछ । कलादि यो शेष ११६७।१८ लाई ६० ले भाग लिंदा लब्धि १९ अंश २७ कला १८ विकला आउँछ। अंशादि यो लब्धि १९।२७।१८ वि. सं. १८५३ को अयनांश हुन्छ।

१२९८
− १ वर्षगण
१२९७

क. । वि.
१०) १२९७ (१२९ । ४२
१०
२९
२०
९७
९०
७
×६०
१) ७
×६
४२

क. । वि.
१२९७ । ०
− १२९ । ४२
११६७ । १८

क. । वि. अं. । क. । वि.
६०) ११६७ । १८ (१९ । २७ । १८
६०
५६७
५४०
२७

अं. । क. । वि.
वि. सं. १८५३ को अयनांश १९ । २७ । १८

२ उदाहरण

वि. सं. १७३८ को अयनांश ल्याउँदा

विक्रमसंवत् १७३८ को वर्षगण ऋण ११६ हो (३ प्रक्रमको २ उदाहरण हेर्नुहोस्) । वर्षगण ऋण ११६ लाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

१२९८ मा ओड्दा (१२९८ बाट वर्षगण ११६ घटाउँदा) योगफल ११८२ आउँछ । योगफल ११८२ लाई १० ले भाग लिंदा लब्धि ११८ कला १२ विकला आउँछ । कलादि यो लब्धि ११८।१२ लाई कलारूप ११८२ बाट घटाउँदा शेष १०६३ कला ४८ विकला आउँछ । कलादि यो शेष १०६३।४८ लाई ६० ले भाग लिंदा लब्धि १७ अंश ४३ कला ४८ विकला आउँछ । अंशादि यो लब्धि १७।४३।४८ वि. सं. १७३८ को अयनांश हुन्छ ।

```
                                   क. । वि.
     १२९८          १०) ११८२   (११८ । १२
  –  ११६ वर्षगण       १०
  ------------       ----
     ११८२             १८
                      १०                    क. । वि.      अं. । क. । वि.
                     ----
                      ८२          ६०) १०६३ । ४८    (१७ । ४३ । ४८
 क. । वि.             ८०              ६०
                     ----            -----
 ११८२ ।  ०             २              ४६३
– ११८ । १२           × ६०             ४२०
 ------------       ------           -----
 १०६३ । ४८         १)  २               ४३                          अं. । क. । वि.
                     × ६          वि. सं. १७३८ को अयनांश   १७ । ४३ । ४८
                    ------
                      १२
```

३३ प्रश्नमाला

तल दिइएका वर्षका अयनांश ल्याऊ ।

(१) वि. सं. १८११
(२) वि. सं १८१०
(३) वि. सं. १७४०
(४) वि. सं. १७३९
(५) वि. सं. १७३१
(६) वि. सं. १७३२
(७) वि. सं. १६१६
(८) वि. सं. १६१५
(९) वि. सं. १५३८
(१०) वि. सं. १५३७
(११) वि. सं. १४४४
(१२) वि. सं. १४४३
(१३) वि. सं. १३५२
(१४) वि. सं. १३५१
(१५) वि. सं. १
(१६) वि. सं. ०
(१७) वि. सं. ५५७
(१८) वि. सं. ५५६
(१९) वि. सं. ५५५
(२०) वि. सं. १००
(२१) वि. सं. २००
(२२) वि. सं. ३००
(२३) वि. सं. ४००
(२४) वि. सं. ५००
(२५) वि. सं. ६००
(२६) वि. सं. ७००
(२७) वि. सं. ८००
(२८) वि. सं. ९००
(२९) वि. सं. १०००
(३०) वि. सं. ११००
(३१) वि. सं. १२००
(३२) वि. सं. १३००
(३३) वि. सं. १४००
(३४) वि. सं. १५००
(३५) वि. सं. १६००
(३६) वि. सं. १७००
(३७) वि. सं. १८००
(३८) वि. सं. १९००
(३९) वि. सं. २०००
(४०) वि. सं. २१००
(४१) वि. सं. २२००
(४२) वि. सं. २३००
(४३) वि. सं. २३५६
(४४) वि. सं. २३५५
(४५) वि. पू. १००
(४६) वि. पू. २००
(४७) वि. पू. ३००
(४८) वि. पू. ४००
(४९) वि. पू. ५००
(५०) वि. पू. ६००
(५१) वि. पू. ७००
(५२) वि. पू. ८००
(५३) वि. पू. ९००
(५४) वि. पू. १०००
(५५) वि. पू. ११००
(५६) वि. पू. १२००
(५७) वि. पू. १२४४
(५८) वि. पू. १२४३

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

उत्तर

	अं.	क.	वि.		अं.	क.	वि.		अं.	क.	वि.		अं.	क.	वि.
(१)	१८	४९	३०	(१६)	-८	२०	२४	(३१)	९	३९	३६	(४६)	-११	२०	२४
(२)	१८	४८	३६	(१७)	०	०	५४	(३२)	११	९	३६	(४७)	-१२	५०	२४
(३)	१७	४५	३६	(१८)	०	०	०	(३३)	१२	३९	३६	(४८)	-१४	२०	२४
(४)	१७	४४	४२	(१९)	-०	०	५४	(३४)	१४	९	३६	(४९)	-१५	५०	२४
(५)	१७	३७	३०	(२०)	-६	५०	२४	(३५)	१५	३९	३६	(५०)	-१७	२०	२४
(६)	१७	३८	२४	(२१)	-५	२०	२४	(३६)	१७	९	३६	(५१)	-१८	५०	२४
(७)	१५	५४	०	(२२)	-३	५०	२४	(३७)	१८	३९	३६	(५२)	-२०	२०	२४
(८)	१५	५३	६	(२३)	-२	२०	२४	(३८)	२०	९	३६	(५३)	-२१	५०	२४
(९)	१४	४३	४८	(२४)	-०	५०	२४	(३९)	२१	३९	३६	(५४)	-२३	२०	२४
(१०)	१४	४२	५४	(२५)	०	३९	३६	(४०)	२३	९	३६	(५५)	-२४	५०	२४
(११)	१३	१९	१२	(२६)	२	९	३६	(४१)	२४	३९	३६	(५६)	-२६	२०	२४
(१२)	१३	१८	१८	(२७)	३	३९	३६	(४२)	२६	९	३६	(५७)	-२७	०	०
(१३)	११	५६	२४	(२८)	५	९	३६	(४३)	२७	०	०	(५८)	-२६	५९	६
(१४)	११	५७	१८	(२९)	६	३९	३६	(४४)	२६	५९	६				
(१५)	-८	१९	३०	(३०)	८	९	३६	(४५)	-९	५०	२४				

४५ प्रक्रम— विक्रमसंवत् २०२२ को अयनांश २१।५९।२४ र विक्रमसंवत् २०२३ को अयनांश २२।०।१८ छन्। यो उदाहरणबाट १ वर्षमा अयनांश ५४ विकला बढ्दो रहेछ भन्ने देखिन्छ। यस कारण ५४ विकलालाई १, २, ३ इत्यादिले गुन्दा तलको सारणी बन्न आउँछ।

१० सारणीको पहिलो भाग
अयनांश

वर्षको	अं.	क.	वि.	वर्षको	अं.	क.	वि.	वर्षको	अं.	क.	वि.
१	०	०	५४	८	०	७	१२	६०	०	५४	०
२	०	१	४८	९	०	८	६	७०	१	३	०
३	०	२	४२	१०	०	९	०	८०	१	१२	०
४	०	३	३६	२०	०	१८	०	९०	१	२१	०
५	०	४	३०	३०	०	२७	०	१००	१	३०	०
६	०	५	२४	४०	०	३६	०				
७	०	६	१८	५०	०	४५	०				

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

विक्रमसंवत् ५५६ को अयनांश ० अंश छ । विक्रमपूर्व १२४४ को अयनांश ऋण २७ अंश छ । विक्रमसंवत् २३५६ को अयनांश धन २७ अंश छ । १ वर्षमा अयनांशको गति ५४ विकला हुन्छ । १०० वर्षमा अयनांशको गति १ अंश ३० कला हुन्छ । यी उदाहरणवाट तलको सारणी वन्न आउँछ ।

१० सारणीको दोस्रो भाग

अयनांश

वर्षको	अं.	क.	वि.	वर्षको	अं.	क.	वि.	वर्षको	अं.	क.	वि.
वि. पू. १२४४	−२७	०	०	वि. सं. ०	−८	२०	२४	वि. सं. १२००	+९	३९	३६
वि. पू. १२००	२६	२०	२४	वि. सं. १००	६	५०	२४	वि. सं. १३००	११	९	३६
वि. पू. ११००	२४	५०	२४	वि. सं. २००	५	२०	२४	वि. सं. १४००	१२	३९	३६
वि. पू. १०००	२३	२०	२४	वि. सं. ३००	३	५०	२४	वि. सं. १५००	१४	९	३६
वि. पू. ९००	२१	५०	२४	वि. सं. ४००	२	२०	२४	वि. सं. १६००	१५	३९	३६
वि. पू. ८००	२०	२०	२४	वि. सं. ५००	−०	५०	२४	वि. सं. १७००	१७	९	३६
वि. पू. ७००	१८	५०	२४	वि. सं. ५५६	०	०	०	वि. सं. १८००	१८	३९	३६
वि. पू. ६००	१७	२०	२४	वि. सं. ६००	+०	३९	३६	वि. सं. १९००	२०	९	३६
वि. पू. ५००	१५	५०	२४	वि. सं. ७००	२	९	३६	वि. सं. २०००	२१	३९	३६
वि. पू. ४००	१४	२०	२४	वि. सं ८००	३	३९	३६	वि. सं. २१००	२३	९	३६
वि. पू. ३००	१२	५०	२४	वि. सं ९००	५	९	३६	वि. सं. २२००	२४	३९	३६
वि. पू. २००	११	२०	२४	वि. सं. १०००	६	३९	३६	वि. सं. २३००	२६	९	३६
वि. पू. १००	−९	५०	२४	वि. सं. ११००	+८	९	३६	वि. सं. २३५६	+२७	०	०

४६ प्रक्रम–

१० सारणीवाट इष्ट विक्रमसंवत्को अयनांश ल्याउने रीति

(१) जुन विक्रमसंवत्को अयनांश ल्याउनु छ, त्यस विक्रमसंवत्को पूरा भएको शतस्थानीको अयनांश १० सारणीको दोस्रो भागवाट ल्याउनू । इष्ट विक्रमसंवत्का दशस्थानी र एकस्थानीका अयनांश १० सारणीको पहिलो भागवाट ल्याउनू । यी सबै जोड्नू । योगफल इष्ट विक्रमसंवत्को अयनांश हुन्छ ।

जस्तै–

विक्रमसंवत् १८७१ को अयनांश ल्याउँदा	अं.	क.	वि.
१८०० वर्ष (पूरा भएको शतस्थानी) को	१८	३९	३६
७० वर्षको	१	३	०
१ वर्षको	०	०	५४
१८७१	१९	४३	३०

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

	अं.	क.	वि.
विक्रमसंवत् १८७१ को अयनांश	१९	४३	३०

(२) विक्रमसंवत् ५५६ को अयनांश ० हुन्छ । विक्रमसंवत् ५५६ भन्दा अगाडिका विक्रमसंवत्का अयनांश ल्याउनुपरेमा जुन विक्रमसंवत्को अयनांश ल्याउनु छ, त्यस विक्रमसंवत्को पूरा भएको शतस्थानीको अयनांश १० सारणीको दोस्रो भागबाट ल्याउनू । यो अयनांश ऋण हुन्छ । विक्रमसंवत्का दशस्थानी र एकस्थानीका अयनांश १० सारणीको पहिलो भागबाट ल्याउनू । यी आएका अयनांश धन हुन्छन् । दशस्थानी र एकस्थानीबाट आएका अयनांशको योग गर्नू । योगफललाई पूरा भएको शतस्थानीबाट आएको अयनांशबाट घटाउनू । शेष इष्ट विक्रमसंवत्को अयनांश हुन्छ । यो आएको अयनांश ऋण हुन्छ ।

जस्तै—

विक्रमसंवत् ५५४ को अयनांश ल्याउँदा

	अं.	क.	वि.
५०० वर्ष (पूरा भएको शतस्थानी) को	−०	५०	२४
५४ वर्षको	०	४८	३६
	−०	१	४८

	अं.	क.	वि.
५० वर्षको	०	४५	०
४ वर्षको	०	३	३६
५४ वर्षको	०	४८	३६

	अं.	क.	वि.
विक्रमसंवत् ५५४ को अयनांश	− ०	१	४८

(३) विक्रमपूर्वसंवत्को अयनांश ल्याउनुपरेमा जुन विक्रमपूर्वसंवत्को अयनांश ल्याउनुपरेको छ, त्यस विक्रमपूर्वसंवत्को पूरा भएको शतस्थानीको अयनांश १० सारणीको दोस्रो भागबाट ल्याउनू । यो आएको अयनांश ऋण हुन्छ । विक्रमपूर्वसंवत्को दशस्थानी र एकस्थानीका अयनांश १० सारणीको पहिलो भागबाट ल्याउनू । यी आएका अयनांश पनि ऋण हुन्छन् । यी सबै जोड्नू । योगफल इष्ट विक्रमपूर्वसंवत्को अयनांश हुन्छ । यो आएको अयनांश ऋण हुन्छ ।

जस्तै—

विक्रमपूर्वसंवत् १२४३ को अयनांश ल्याउँदा

	अं.	क.	वि.
१२०० वर्ष (पूरा भएको शतस्थानी) को	−२६	२०	२४
४० वर्षको	− ०	३६	०
३ वर्षको	− ०	२	४२
१२४३ वर्षको	−२६	५९	६

	अं.	क.	वि.
वि. पू. १२४३ को अयनांश	− २६	५९	६

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

३४ प्रश्नमाला

४६ प्रक्रमको रीतबाट तल दिइएका वर्षका अयनांश ल्याऊ ।

(१) वि. सं. २०२३
(२) वि. सं. २०२२
(३) वि. सं. २०२१
(४) वि. सं. २०२०
(५) वि. सं. २०१९
(६) वि. सं. २०१८
(७) वि. सं. १८६०
(८) वि. सं. १८६१
(९) वि. सं. १८६७
(१०) वि. सं. १८६८
(११) वि. सं. १८६९
(१२) वि. सं. १८७०
(१३) वि. सं. १९६०
(१४) वि. सं. १९६१
(१५) वि. सं. १९७०
(१६) वि. सं. १९७१
(१७) वि. सं. १८५४
(१८) वि. सं. १८५५
(१९) वि. सं. १८११
(२०) वि. सं. १८१०
(२१) वि. सं. १७४०
(२२) वि. सं. १७३९
(२३) वि. सं. १७३१
(२४) वि. सं. १७३२
(२५) वि. सं. १६१६
(२६) वि. सं. १६१५
(२७) वि. सं. १५३८
(२८) वि. सं. १५३७
(२९) वि. सं. १४४४
(३०) वि. सं. १४४३
(३१) वि. सं. १४४२
(३२) वि. सं. १३५३
(३३) वि. सं. १३५२
(३४) वि. सं. १
(३५) वि. सं. २
(३६) वि. सं. ६
(३७) वि. सं. ७
(३८) वि. सं. ८
(३९) वि. सं. १०
(४०) वि. सं. ११
(४१) वि. सं. ३४
(४२) वि. सं. ३५
(४३) वि. सं. ५८
(४४) वि. सं. ५९
(४५) वि. सं. ९८
(४६) वि. सं. ९९
(४७) वि. सं. ३८९
(४८) वि. सं. ३९०
(४९) वि. सं. ३९७
(५०) वि. सं. ३९८
(५१) वि. सं. ४३५
(५२) वि. सं. ४३६
(५३) वि. सं. ४६२
(५४) वि. सं. ४६३
(५५) वि. सं. ४८७
(५६) वि. सं. ४८८
(५७) वि. सं. ५१७
(५८) वि. सं. ५१८
(५९) वि. सं. ५१९
(६०) वि. सं. ५२०
(६१) वि. सं. ५३५
(६२) वि. सं. ५३६
(६३) वि. सं. ५४०
(६४) वि. सं. ५४१
(६५) वि. सं. ६४४
(६६) वि. सं. ६४५
(६७) वि. सं. ६५०
(६८) वि. सं. ६५१
(६९) वि. सं. ७४१
(७०) वि. सं. ७४२
(७१) वि. सं. ७५१
(७२) वि. सं. ७५२
(७३) वि. सं. ८४५
(७४) वि. सं. ८४६
(७५) वि. सं. ९४८
(७६) वि. सं. ९४९
(७७) वि. पू. ४४
(७८) वि. पू. ४५
(७९) वि. पू. ८९
(८०) वि. पू. ९०
(८१) वि. पू. १४५
(८२) वि. पू. १४६
(८३) वि. पू. १५१
(८४) वि. पू. १५२
(८५) वि. पू. १८९
(८६) वि. पू. १९०
(८७) वि. पू. २४४
(८८) वि. पू. २४५
(८९) वि. पू. २५२
(९०) वि. पू. २५३
(९१) वि. पू. ३४५
(९२) वि. पू. ३४६
(९३) वि. पू. ३४७
(९४) वि. पू. ४५५
(९५) वि. पू. ४५६
(९६) वि. पू. ५५६
(९७) वि. पू. ५५७
(९८) वि. पू. ६३०
(९९) वि. पू. ६३१
(१००) वि. पू. ७४५
(१०१) वि. पू. ७४६
(१०२) वि. पू. ८१२
(१०३) वि. पू. ८१३
(१०४) वि. पू. ९२८
(१०५) वि. पू. ९२९
(१०६) वि. पू. १०२४
(१०७) वि. पू. १०२५
(१०८) वि. पू. ११४४
(१०९) वि. पू. ११४५
(११०) वि. पू. १२११
(१११) वि. पू. १२१२
(११२) वि. पू. १२१३
(११३) वि. पू. १२२९
(११४) वि. पू. १२३०

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

उत्तर

	अं.	क.	वि.
[१]	२२	०	१८
[२]	२१	५९	२४
[३]	२१	५८	३०
[४]	२१	५७	३६
[५]	२१	५६	४२
[६]	२१	५५	४८
[७]	१९	३३	३६
[८]	१९	३४	३०
[९]	१९	३९	५४
[१०]	१९	४०	४८
[११]	१९	४१	४२
[१२]	१९	४२	३६
[१३]	२१	३	३६
[१४]	२१	४	३०
[१५]	२१	१२	३६
[१६]	२१	१३	३०
[१७]	१९	२८	१२
[१८]	१९	२९	६
[१९]	१८	४९	३०
[२०]	१८	४८	३६
[२१]	१७	४५	३६
[२२]	१७	४४	४२
[२३]	१७	३७	३०
[२४]	१७	३८	२४
[२५]	१५	५४	०
[२६]	१५	५३	६
[२७]	१४	४३	४८
[२८]	१४	४२	५४

	अं.	क.	वि.
[२९]	१३	१९	१२
[३०]	१३	१८	१८
[३१]	१३	१७	२४
[३२]	११	५७	१८
[३३]	११	५६	२४
[३४]	− ८	१९	३०
[३५]	− ८	१८	३६
[३६]	− ८	१५	०
[३७]	− ८	१४	६
[३८]	− ८	१३	१२
[३९]	− ८	११	२४
[४०]	− ८	१०	३०
[४१]	− ७	४९	४८
[४२]	− ७	४८	५४
[४३]	− ७	२८	१२
[४४]	− ७	२७	१८
[४५]	− ६	५२	१२
[४६]	− ६	५१	१८
[४७]	− २	३०	१८
[४८]	− २	२९	२४
[४९]	− २	२३	६
[५०]	− २	२२	१२
[५१]	− १	४८	५४
[५२]	− १	४८	०
[५३]	− १	२४	३६
[५४]	− १	२३	४२
[५५]	− १	२	६
[५६]	− १	१	१२

	अं.	क.	वि.
[५७]	−०	३५	६
[५८]	−०	३४	१२
[५९]	−०	३३	१८
[६०]	−०	३२	२४
[६१]	−०	१८	५४
[६२]	−०	१८	०
[६३]	−०	१४	२४
[६४]	−०	१३	३०
[६५]	१	१९	१२
[६६]	१	२०	६
[६७]	१	२४	३६
[६८]	१	२५	३०
[६९]	२	४६	३०
[७०]	२	४७	२४
[७१]	२	५५	३०
[७२]	२	५६	२४
[७३]	४	२०	६
[७४]	४	२१	०
[७५]	५	५२	४८
[७६]	५	५३	४२
[७७]	−९	०	०
[७८]	−९	०	५४
[७९]	−९	४०	३०
[८०]	−९	४१	२४
[८१]	−१०	३०	५४
[८२]	−१०	३१	४८
[८३]	−१०	३६	१८
[८४]	−१०	३७	१२

	अं.	क.	वि.
[८५]	−११	१०	३०
[८६]	−११	११	२४
[८७]	−१२	०	०
[८८]	−१२	०	५४
[८९]	−१२	७	१२
[९०]	−१२	८	६
[९१]	−१३	३०	५४
[९२]	−१३	३१	४८
[९३]	−१३	३२	४२
[९४]	−१५	९	५४
[९५]	−१५	१०	४८
[९६]	−१६	४०	४८
[९७]	−१६	४१	४२
[९८]	−१७	४७	२४
[९९]	−१७	४८	१८
[१००]	−१९	३०	५४
[१०१]	−१९	३१	४८
[१०२]	−२०	३१	१२
[१०३]	−२०	३२	६
[१०४]	−२२	१५	३६
[१०५]	−२२	१६	३०
[१०६]	−२३	४२	०
[१०७]	−२३	४२	५४
[१०८]	−२५	३०	०
[१०९]	−२५	३०	५४
[११०]	−२६	३०	१८
[१११]	−२६	३१	१२
[११२]	−२६	३२	६
[११३]	−२६	४६	३०
[११४]	−२६	४७	२४

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

लिच्छविसंवत्को निष्कर्षको परीक्षा

— नयराज पन्त

नानी शङ्करमान राजवंशी (अहिले राष्ट्रिय अभिलेखालयका शाखाअधिकृत सम्पादक) ले मसँग केही वर्ष पढेका हुन् । २ वटा इतिहास-संशोधन, ६ वटा पञ्चाङ्ग-संशोधन, १० भाग अभिलेख-सङ्ग्रह, इतिहास-संशोधनको प्रमाण-प्रमेय, ऐतिहासिक-पत्रसंगृहको दोस्रो भाग, २० अङ्क पूर्णिमा तयार गर्ने काम अरू साथीहरूसँग मिली मेरो देखरेखमा उनले गरेका हुन् । इतिहास-संशोधनका पहिला प्रचारक पनि उनै हुन् । यी सबै कुरावाट संशोधन-मण्डल-लाई यस रूपमा पुऱ्याउन शङ्करमानको पनि हात छ भन्ने कुरो स्पष्ट छ ।

लिच्छविकालका अभिलेखमा पाइएका संवत्को विषयमा वादविवाद चलीरहेछन् । सर्वमान्य निर्णय अहिलेसम्म निस्कन सकेको छैन ।

लिच्छविसंवत्को निर्णय गर्ने भनी शङ्करमानले लेखेको लिच्छविसंवत्को निष्कर्षनामक पुस्तक उनका भाइ दिलीपमान राजवंशीद्वारा वि. सं. २०३० मा प्रकाशित भयो । अहिलेसम्म लिच्छविसंवत्को निर्णय गर्ने कुनै नेपालीले गृन्थ लेखी प्रकाश गरेका थिएनन् । यस कारण यस गृन्थका रचयिता तथा प्रकाशक यी दुवै दाज्यू भाइ हामी नेपालीका धन्यवादका पात्र छन् ।

सो पुस्तक निस्किनेवित्तिकै शङ्करमानले नानी दिनेशराज पन्तलाई दिएछन् । दिनेशराजले सो पुस्तक ल्याई मलाई देखाए । लिच्छविसंवत्को निर्णय गर्ने विषयमा मेरो गहिरो अभिरुचि हुनाले सो पुस्तक मैले चाख मानी हेरें । मेरो मनमा कुरा खेल्यो । शङ्करमानको निष्कर्षलाई सकार्न मैले सकिनें । यस विषयमा अब लेख्छु ।

माथिको गणनावाट अंशुवर्माले ब्रह्मसिद्धान्त अनुसार पंचाङ्ग मान्दा रहेछन् भन्ने देखियो ।

(लिच्छविसंवत्को निष्कर्षको १७ पृ.)

-तव अंशुवर्माको संवत् शक ४७४ वाट उठेको रहेछ भन्ने सिद्ध हुन्छ । . . .
तव संवत् २९+४७५=५०४ शकदेखि लिएर संवत् ४५+४७४=५१९ शक सम्म
अंशुवर्माको समय हुने भयो ।

(लिच्छविसंवत्को निष्कर्षको २३ पृ.)

लिच्छविसंवत्को निष्कर्षका यी कुरावाट ब्रह्मसिद्धान्तअनुसारको पञ्चाङ्ग अंशुवर्मा मान्ने भन्ने पहिलो सिद्धान्त र शकसंवत् ५०४ देखि ५१९ सम्म अर्थात् वि. सं. ६३९ देखि ६५४ सम्म अंशुवर्माको समय हो भन्ने दोस्रो सिद्धान्त देखिन आउँछन् ।

अब यिनको परीक्षा गरिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

श्रीचापवंशतिलके श्रीव्याघ्रमुखे नृपे शकनृपाणाम् ।
पञ्चाशत्संयुक्तैर्वर्षशतैः पञ्चभिरतीतैः ॥७॥
ब्राह्मः स्फुटसिद्धान्तः सज्जनगणितज्ञगोलवित्प्रीत्यै ।
त्रिंशद्वर्षेण कृतो जिष्णुसुतब्रह्मगुप्तेन ॥८॥

(ब्राह्मस्फुटसिद्धान्तको संज्ञाध्याय । वि. सं. १९५९ मा काशीको मेडिकल हल प्रेसबाट प्रकाशित सुधाकर द्विवेदी-को टीकासहितको ब्राह्मस्फुटसिद्धान्तको ४०७ पृ.)

[श्रीचापवंशका राजा श्रीव्याघ्रमुखको पालामा शकसंवत् ५५० मा जिष्णुका छोरा ३० वर्षका ब्रह्मगुप्तले सज्जन गणितज्ञ तथा गोलज्ञ विद्वान्हरू प्रसन्न होऊन् भनी ब्राह्मस्फुटसिद्धान्त बनाए ।]

(पूर्णिमा ३४ अङ्कमा छापिएको महाभारतमा परेको अधिमासको वर्णनले देशाङ्कज्योतिषको गणनापद्धतिमा केही प्रकाश पाउँ भन्ने मेरो निबन्ध, सो अङ्कको ११८ पृष्ठ)

यताबाट शकसंवत् ५५० (वि. सं. ६८५) मा ३० वर्षका ब्रह्मगुप्तले ब्राह्मस्फुटसिद्धान्त बनाएका हुन् भन्ने कुरो स्पष्ट हुन्छ । यताबाट ब्रह्मगुप्तको जन्म वि. सं. ६५५ मा भएको हो भन्ने कुरोमा पनि शङ्का रहँदैन ।

ब्रह्मसिद्धान्तअनुसारको पञ्चाङ्गका प्रवर्तक ब्रह्मगुप्त हुन् तथा उनको ब्राह्मस्फुटसिद्धान्त नै त्यस पद्धतिको मूल ग्रन्थ हो भन्ने कुरा निर्विवाद छ[1] ।

लिच्छविसंवत्को निकर्षले मानेको अंशुवर्माको समय वि. सं. ६३९–६५४ सम्म ब्रह्मगुप्त जन्मेकै थिएनन् त उनको सिद्धान्तअनुसारको पञ्चाङ्ग अंशुवर्माले कसरी माने ? यो कुरो उदेकलाग्दो छ ।

ब्रह्मगुप्तभन्दा अघि पनि पैतामहसिद्धान्त थियो, पैतामहसिद्धान्त नै ब्रह्मसिद्धान्त हो, अंशुवर्मा त्यही ब्रह्मसिद्धान्त-अनुसारको पञ्चाङ्ग मान्थे भनेर शङ्करमानले लेखेका हुन् भनी केही अबूझहरू भ्रम फैलाउन सक्छन् । यस कारण यस विषयमा अब केही लेख्नुपरेको छ ।

रविशशिनोः पञ्च युगं वर्षाणि पितामहोपदिष्टानि ।
अधिमासस्त्रिंशद्भिर्मासैरवमो द्विषष्ट्या तु ॥१॥

[वराहमिहिरको पञ्चसिद्धान्तिका पैतामहसिद्धान्ताध्याय (१२ अध्याय) । वि. सं. १९८७ मा लाहोरबाट मोती-लाल बनारसीदासद्वारा प्रकाशित, थीबो र सुधाकर द्विवेदीद्वारा सम्पादित पञ्चसिद्धान्तिका दोस्रो संस्करणको ३१ पृ.)

[पितामहले बताएको सिद्धान्तअनुसार ५ वर्षको १ युग हुन्छ । त्यहाँ सूर्य र चन्द्रको गणना हुन्छ । ३० सौरमासमा १ अधिमास पर्छ । ६२ तिथिमा १ अवम (टुटेको तिथि) पर्छ ।]

१. ब्राह्मस्फुटसिद्धान्त मध्यमाधिकारका १५–२४ श्लोकमा दिइएका भगणसङ्ख्या र वेङ्कटेश केतकरको इण्डियन् याण्ड् फरेन् क्रोनलजिज (भारत र बाहिरका कालगणना)~ को ३७ कोष्ठमा ब्रह्मसिद्धान्तअनुसारका भनी दिइएका भगणसङ्ख्या एकनासका छन् ।

~पूर्णिमा २७ अङ्कमा छापिएको विद्वत्पूजा भन्ने मेरो निबन्धमा यस ग्रन्थको परिचय छ (सो अङ्कको १५१ पृ.) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यताबाट ५ सौरवर्षमा –

सौरमास = १२ × सौरवर्ष = १२ × ५ = ६०

चान्द्रमास = सौरमास + अधिमास = ६० + २ = ६२

तिथि = ३० × चान्द्रमास = ३० × ६२ = १८६०

तिथि	अवमदिन	तिथि
६२	१	१८६०

यस त्रैराशिकबाट

$$\text{अवमदिन} = \frac{१ \times १८६०}{६२} = ३०$$

सावनदिन = तिथि – अवमदिन = १८६०–३० = १८३०

१ सौरवर्षका सावनदिन = १८३० ÷ ५ = ३६६

१ सौरवर्षका तिथि = १८६० ÷ ५ = ३७२

यताबाट पैतामहसिद्धान्तअनुसार १ सौरवर्षमा ३६६ सावनदिन र ३७२ तिथि हुने देखिन्छ ।

परन्तु ब्रह्मगुप्त १ सौरवर्षमा ३६५।१५।३०।२२।३० सावनदिन तथा ३७१।३।५२।३० तिथि मान्थे । यो कुरो उनको ब्राह्मस्फुटसिद्धान्तबाट सिद्ध हुन्छ—

कल्पेऽर्कबुधसितानां भगणाः शून्यानि सप्त रदवेदाः ४३२००००००० . . . ।।१५।।
पञ्चाम्बराणि गुणगुणपञ्चमुनिस्वरशरैर्मिताः शशिनः ५७७५३३००००० . . .।।१६।।
परिवर्त्ताः खचतुष्टयशराब्धिरसगुणयमद्विवसुतिथयः १५८२२३६४५००००।
रविभगणोना भानोः सावनदिवसाः कुदिवसास्ते ।।२२।।
रविभगणा रव्यब्दा द्वादशगुणिता भवन्ति रविमासाः ५१८४०००००००।
भगणान्तरं रवीन्द्वोः शशिमासाः ५३४३३३००००० सूर्यमासोनाः ।।२३।।
अधिमासाः १५९३३००००० शशिमासास्त्रिंशद्गुणिता १६०२९९९०००००० भवन्ति शशिदिवसाः . . .।।२४।।

(ब्राह्मस्फुटसिद्धान्त मध्यमाधिकार । ५–७ पृष्ठ)

[एक कल्पमा

सूर्य, बुध, शुक्रका भगण ४३२००००००० हुन्छन् ।

चन्द्रमाका भगण ५७७५३३००००० हुन्छन् ।

भूभ्रम १५८२२३६४५०००० हुन्छन् ।

कल्पभूभ्रमबाट सूर्यका कल्पभगण घटाइदिनू, शेष कल्पका सूर्यसावनदिन हुन्छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

कल्पसूर्यसावनदिनलाई कल्पकुदिन पनि भन्छन् ।

सूर्यका जति भगण हुन्छन्, त्यति नै सौरवर्ष हुन्छन् ।

सौरवर्षलाई १२ ले गुनिदिनू, सौरमास आउँछन् ।

चन्द्रमाका भगणबाट सूर्यका भगण घटाइदिनू, चान्द्रमास आउँछन् ।

चान्द्रमासबाट सौरमास घटाइदिनू, अधिमास आउँछन् ।

चान्द्रमासलाई ३० ले गुनिदिनू, चान्द्रदिन अर्थात् तिथि आउँछन् ।]

यताबाट

४३२००००००० सौरवर्षमा

सूर्यका भगण = बुधका भगण = शुक्रका भगण = ४३२००००००

चन्द्रमाका भगण = ५७७५३३००००००

सूर्यसावनदिन = भभ्रम – सूर्यभगण = १५८२२३६४५०००० – ४३२००००००० = १५७७९१६४५००००

सौरमास = १२ × सूर्यका भगण = १२ × ४३२००००००० = ५१८४००००००००

चान्द्रमास = चन्द्रका भगण – सूर्यका भगण = ५७७५३३००००००– ४३२००००००० = ५३४३३३००००००

अधिमास = चान्द्रमास – सौरमास = ५३४३३३००००००० – ५१८४०००००००० = १५९३३००००००

तिथि = ३० × चान्द्रमास = ३० × ५३४३३३००००००० = १६०२९९९००००००

यहाँसम्मका कुराबाट

ब्रह्मसिद्धान्तअनुसार

४३२००००००० सौरवर्षमा

सूर्यसावनदिन[२] = १५७७९१६४५००००

तिथि = १६०२९९९००००००० हुने देखिन्छ ।

ब्रह्मगुप्तका अनुयायी[३] भास्करले पनि यस्तै लेखेका छन्–

रवेश्चक्रभोगोऽर्कवर्षं प्रदिष्टं . . . .॥१९॥

(सिद्धान्तशिरोमणि मध्यमाधिकार कालमानाध्याय)

---

२. सूर्यसावनदिनलाई छोटकरीमा सावनदिन मात्र भन्ने चलन छ ।

३. वि. सं. २०१९ मा जगदम्बा–प्रकाशनद्वारा प्रकाशित धनवज्र बज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र बज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलद्वारा सम्पादित इतिहास–संशोधनको प्रमाण–प्रमेयमा छापिएको मेरो उपोद्घातका २–४, ३७–४० पृ. ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

[सूर्यले पूर्वतिर हिंड्दै जांदा आफ्नो गतिअनुसार जति कालमा एक भगण (मेषादि बाह्र राशिको चक्र)-लाई भोग गर्दछन्, त्यति काललाई एक सौरवर्ष भन्दछन् ।]

(पूर्णिमा २५ अङ्कमा छापिएको देवीप्रसाद भण्डारीको सिद्धान्तशिरोमणिको अनुवाद भन्ने निबन्ध । सो अङ्कको १७ पृष्ठ)

अर्कशुक्रबुधपर्ययः विधेरह्नि कोटिगुणिता रदाब्धयः ४३२००००००० ...।।१।।

नवनवाङ्ककराभ्ररसेन्दवः प्रयुतसंगुणिता१६०२९९९०००००० विधुवासराः ।।८।।

भूदिनानि शरवेदभूपगोसप्तसप्ततिथयोऽयुताहताः१५७७९१६४५०००० ...।।९।।

(सिद्धान्तशिरोमणि मध्यमाधिकार भगणाध्याय)

[एक कल्पमा

सूर्य, बुध, शुक्रका भगण ४३२००००००० हुन्छन् ।

तिथि १६०२९९९०००००० हुन्छन् ।

सूर्यसावनदिन १५७७९१६४५०००० हुन्छन् ।]

एक सौरवर्षका सावनदिन $= \dfrac{\text{कल्पसूर्यसावनदिन}}{\text{कल्पसूर्यभगण}} = \dfrac{१५७७९१६४५००००}{४३२०००००००} = \dfrac{११६८८२७}{३२००}$

३२००) ११६८८२७ (३६५।१५।३०।२२।३०

९६००			
२०८८२	२४८१	२४३	५
१९२००	१६०	२४	४
१६८२७	८८१	३	१
१६०००	८००	×६०	×६०
८२७	८१	२) ३	१) १
×६०	×६०	×१५	×३०
१६०) ८२७	८) ८१	४५	३०
×३	×३	४	३०
२४८१	२४३	५	

यताबाट ब्रह्मसिद्धान्तअनुसार १ सौरवर्षमा ३६५ सावनदिन १५ घडी ३० पला २२½ बिपला हुने देखिन्छ ।

यस कुरालाई भास्करले स्पष्टसंग लेखेका छन्—

पञ्चाङ्गरामा ३६५ स्तिथयः १५ खरामाः ३० सार्धद्विदस्राः २२।३० कुदिनाद्यमब्दे ।।८।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

एकस्मिन् सौरवर्षे पञ्चषष्टयधिकत्रिशती ३६५ मिताः सावनदिवसाः पञ्चदश १५ नाडिकाश्च त्रिशत् ३० पलानि च सार्धानि द्वाविंशति २२।३० विपलानि ।

(सिद्धान्तशिरोमणि मध्यगतिवासनाधिकार)

[३६५ सावनदिन १५ घडी ३० पला साढे २२ विपलाको १ सौरवर्ष हुन्छ ।]

(पूर्णिमा ३४ अङ्कमा छापिएको वेदाङ्गज्यौतिष र लिच्छवि–कालगणना भन्ने मेरो निबन्ध । सो अङ्कको ८४ पृष्ठ)

$$\text{१ सौरवर्षका तिथि} = \frac{\text{कल्पतिथि}}{\text{कल्पसूर्यभगण}} = \frac{१६०२९९९००००००}{४३२००००००} = \frac{१७८१११}{४८०} = ३७१.०६४५८३३३$$

४८०) १७८१११ (३७१.०६४५८३३३

```
१४४०
 ३४११
 ३३६०
   ५११
   ४८०
    ३१
```

```
४८) ३१०      २८०     १६०
    २८८      २४०     १४४
     २२०      ४००     १६०
     १९२      ३८४     १४४
      २८       १६      १६०
                       १४४
                        १६
```

वेङ्कटेश केतकरले भारत र वाहिरका कालगणनाको ३७ कोष्ठमा ब्रह्मसिद्धान्तअनुसार १ सौरवर्षको तिथिको यही सङ्ख्या दिएका छन् ।

```
.०६४५८३३३        .८७४९९९८        .४९९९८८
      × ६०             × ६०           × ६०
३.८७४९९९८०       ५२.४९९९८८०      २९.९९९२८०
```

यताबाट १ सौरवर्षमा ३७१ तिथि र तिथिका साठी साठी भाग ३।५२।३० हुने देखिन्छ ।

भास्करले एक वर्षका तिथिको सङ्ख्या यही दिएका छन्–

. . . वर्षे चान्द्राह्वा भवन्ति ३७१।३।५२।३०

(सिद्धान्तशिरोमणि मध्यमाधिकार प्रत्यब्दशुद्धि ५ श्लोकको वासनाभाष्य)

[एक वर्षका तिथि ३७१।३।५२।३० हुन्छन् ।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

ज्योतिषीहरू सजिलोको लागि एक सौरवर्षमा पूरा भएका ३७१ तिथि लिई चानचुन छोडी गणित गर्छन्, पछि चानचुन जम्मा गरी गणित मिलाउँछन् ।

कल्पतिथिले त कल्पसावनदिन भने ३७१ तिथिले कति सावनदिन भनी त्रैराशिक गर्दा

$$\text{३७१ तिथिका सावनदिन} = \frac{\text{कल्पसावनदिन} \times \text{३७१}}{\text{कल्पतिथि}} = \frac{\text{१५७७९१६४५००००} \times \text{३७१}}{\text{१६०२९९९००००००}}$$

$$= \frac{\text{३५०६४८१} \times \text{३७१}}{\text{३५६२२२०}} = \frac{\text{१३००९०४४५१}}{\text{३५६२२२०}} = \text{३६५।११।४१।३०।४७}$$

```
  ३५०६४८१
     ×३७१
 ---------
  ३५०६४८१
 २४५४५३६७
१०५१९४४३
----------
१३००९०४४५१
```

```
३५६२२२०)१३००९०४४५१ (३६५।११।४१।३०।४६
         १०६८६६६०
         --------
          २३३२२३८४५          १७८१११)६९४१५१         ७३९३९२०        १३८८१०
          २१३७३३२०                    ×३         ७१२४४४          ×६०
          ---------                  -------       -------       --------
          १८५०५२५१                  २०८२४५३         २६९४८०        ८३२८६००
          १७८१११००                  १७८१११         १७८१११        ७१२४४४
          --------                   ------          ------        --------
            ६९४१५१                    ३०१३४३          ९१३६९        १२०४१६०
              ×६०                     १७८१११            ×६०        १०६८६६६
          --------                    ------          -------       -------
                                      १२३२३२         ५४८२१४०         १३५४९४
                                         ×६०         ५३४३३३
                                     -------          ------
                                     ७३९३९२०          १३८८१०
```

यहाँसम्मका कुराबाट १ सौरवर्षभित्र पूरा भएका ३७१ तिथि पूरा हुन ३६५ सावनदिन ११ घडी ४२ पला लाग्छ भन्ने देखिन्छ । ३७१ तिथिमा १२ चान्द्रमास पूरा भई ११ तिथि बाँकी रहन्छन् । ३६५ दिनमा ५२ सप्ताह पूरा भई १ दिन बाँकी रहन्छ । यस कारण

वर्ष	तिथि	वार	घडी	पला
१	११	१	११	४२

यस्तो रूप बन्न आउँछ ।

वेङ्कटेश केतकरले आफ्नो सौरार्यब्राह्मपक्षीयतिथिगणितमा वृद्धसिद्धान्तअनुसारको सारणीमा यही रूप दिएका छन्–

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

क्षेपकाः– ब्रह्मसिद्धांतानुसारिराजमृगांकतुल्याः ।

....

वर्षाणि	ति.	वा.	घ.	प.
१	११	१	११	४२ ...

(सौरार्यब्राह्मपक्षीयतिथिगणितको ७ पृष्ठ)

यताबाट सौरार्यब्राह्मपक्षीयतिथिगणितको ब्रह्मसिद्धान्तअनुसारको सारणी ब्रह्मगुप्तको ब्राह्मस्फुटसिद्धान्त-अनुसारको हो भन्ने स्पष्ट हुन्छ ।

१ सौरवर्षमा ३६६ सावनदिन तथा ३७२ तिथि मान्ने पैतामहसिद्धान्तको खण्डन ब्रह्मगुप्तले आफ्नो ब्राह्मस्फुटसिद्धान्तमा गरेका छन्–

येऽज्ञानपटलरुद्धदृशेऽन्यं ब्राह्माद् वदन्ति सिद्धान्तम् ।
तेषां युगादिभेदे ये दोषास्तान् प्रवक्ष्यामि ।।१।।
युगमाहुः पञ्चाब्दं रविशशिनोः संहिताङ्गकारा यत् ।
अधिमासावमरात्रस्फुटतिथ्यज्ञानतस्तदसत् ।।२।।

(ब्राह्मस्फुटसिद्धान्त तन्त्रपरीक्षाध्याय । १४७ पृ.)

[अज्ञानले आँखा टालिएका केही मानिस ब्राह्मसिद्धान्तभन्दा अर्को सिद्धान्त छ भन्छन् । तिनी-हरूले युग आदिको गणनामा फरक पारी गरेका भूल म देखाइदिन्छु ।

केही संहिताकारहरू ५ वर्षको १ युग हुन्छ, त्यहाँ सूर्य र चन्द्रको गगना हुन्छ भनी भन्छन् । अधिमास, अवम, स्पष्टतिथि ल्याउने रीति तिनीहरूले बुझ्के छैनन् । तिनीहरूले भनेको कुरो अशुद्ध हो ।]

सौरार्यब्राह्मपक्षीयतिथिगणितको आधारमा गणना गरी शङ्करमानले लिच्छविसंवत्को निष्कर्ष तयार पारेका हुन्[४], १ सौरवर्षमा ३६६ सावनदिन र ३७२ तिथि मान्ने पैतामहसिद्धान्तअनुसार गणना गरेका होइनन्, यस कारण शङ्करमानको गणितको आधार ब्रह्मगुप्तको ब्राह्मस्फुटसिद्धान्त नै हो भन्ने स्पष्ट हुन्छ । ब्रह्मगुप्त नजन्मँदै उनको सिद्धान्त प्रचार हुन नसक्ने हुनाले अंशुवर्मा ब्रह्मसिद्धान्तअनुसार पञ्चाङ्ग मान्थे भनी शङ्करमानले जो लेखे, सो कुरो इतिहासविरुद्ध हो ।

---

४. लिच्छविसंवत्को निष्कर्षको १२ पृष्ठ ।
वि. सं. २०३३ वैशाखमा नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानद्वारा प्रकाशित प्रज्ञा १६ पूर्णाङ्कको १२–१७ पृष्ठमा छापिएको शङ्करमान राजवंशीको इतिहासको लागि प्राचीन गणनाको महत्त्व भन्ने निबन्ध ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वेङ्कटेश केतकरले क्षेपकाः– ब्रह्मसिद्धांतानुसारिराजमृगांकतुल्याः भनी जुन वाक्य लेखेका छन्, त्यस विषयमा पनि यहाँ विचार गरिहालौं ।

वि. सं. ६८५ मा ब्रह्मगुप्तले ब्राह्मस्फुटसिद्धान्त बनाएका हुन् भन्ने कुरा त माथि नै लेखिसकिएको छ । आफूले गणना गरी ल्याएको आकाशको घटना आकाशको वास्तव घटनासँग मिल्छ कि मिल्दैन भन्ने कुरामा निपुण ज्योतिषीहरू जागरूक रहन्छन् । त्यसैले उनीहरू गणना र वास्तव घटनामा केही फरक देखिन आएमा गणना गर्ने ग्रन्थको मूलाङ्कमा संशोधन गर्छन् । मूलाङ्कमा गरिएको त्यस्तो संशोधनलाई ज्योतिषीहरू बीजसंस्कार भन्दछन् । ब्रह्मगुप्तको ब्राह्मस्फुटसिद्धान्तमा बीजसंस्कार गरी भोजले वि. सं. १०९९ मा बनाएको ग्रन्थ राजमृगाङ्क हो[५] । पछि सो राजमृगाङ्क प्रसिद्ध भयो र त्यसअनुसार चलेको पञ्चाङ्गसँग मिलोस् भनी केतकरले तदनुसार क्षेपक दिएका हुन् ।

यतावाट क्षेपकाः– ब्रह्मसिद्धांतानुसारिराजमृगांकतुल्याः भनी आफ्नो सौरार्यब्राह्मपक्षीयतिथिगणितमा केतकरले जुन क्षेपक दिएका छन्, ती क्षेपक वि. सं. १०९९ मा तयार भएका क्षेपकअनुसार आएका हुन्, तिनै क्षेपकलाई लिई शङ्करमानले गणित गरेका हुन्, यस कारण वि. सं. १०९९ भन्दा पहिलेका विवादास्पद घटनामा यो गणना प्रामाणिक हुन सक्तैन भन्ने कुरा स्पष्ट छ ।

मानदेव पनि ब्रह्मसिद्धान्तअनुसारको पञ्चाङ्ग मान्थे, वि. सं. ११३ देखि लिच्छविसंवत् चल्यो, वि. सं. ४९९ मा मानदेवले चाँगुको स्तम्भलेख राखे[६], वि. सं. ६३९ देखि ६५४ सम्म अंशुवर्माले शासन गरे[७] भनी शङ्करमानले गणितबाट सिद्ध गर्ने प्रयत्न गरेका छन् । उनको गणितको आधारचाहिँ वि. सं. ६८५ मा ब्रह्मगुप्तले बनाएको ब्राह्मस्फुटसिद्धान्त र त्यसमा वि. सं. १०९९ मा भोजले गरेको संशोधनसमेत स्वीकार गरी केतकरले बनाएको सौरार्यब्राह्मपक्षीयतिथिगणितको ब्रह्मसिद्धान्तअनुसारको सारणी छ । यहीअनुसारको पञ्चाङ्ग मानदेव अंशुवर्माहरू मान्थे भन्ने शङ्करमानको आग्रह छ । यो कुरो इतिहासको दृष्टिबाट ग्राह्य हुन गाह्रो छ ।

गणितको दृष्टिबाट पनि लिच्छविसंवत्को निष्कर्ष प्रामाणिक देखिन्न । जस्तै–

---

५. वि. सं. १९९७ मा आड्यार लाइब्रेरीद्वारा प्रकाशित के. माधवकृष्ण शर्माद्वारा सम्पादित द राजमृगाङ्क अफ् भोज (भोजको राजमृगाङ्क) को ३ पृष्ठ, मूल ग्रन्थको ३ श्लोक ।
वि. सं. १९८८ मा पूनाको आर्यभूषण छापखानाद्वारा प्रकाशित शङ्कर बालकृष्ण दीक्षितको भारतीय ज्योतिःशास्त्र दोस्रो संस्करणका २३८–२३९ पृष्ठ ।
वि. सं. २०१४ मा उत्तरप्रदेशको सूचनाविभागको प्रकाशन ब्यूरोद्वारा प्रकाशित, शिवनाथ झारखण्डीद्वारा हिन्दीमा अनूदित शङ्कर बालकृष्ण दीक्षितको भारतीय ज्योतिषका ३३१–३३२ पृष्ठ ।

६. लिच्छविसंवत्को निष्कर्षको २७ पृष्ठ ।

७. लिच्छविसंवत्को निष्कर्षको २३ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

. . . ब्रह्मसिद्धान्तको सैद्धान्तिक परिपाटी अनुसार . . .

शक	महीना	तिथि	वार	घडी	पला	संक्रान्ति	वार	घडी	पला
५०६	चैत्रकृष्ण	३०	६	५३	३	वैशाख	६	२३	३०
५०६	वैशाखकृष्ण	३०	१	१७	४४	ज्येष्ठ	२	१२	१६

(लिच्छविसंवत्को निष्कर्षको १७ पृ.)

यहाँ शङ्करमानले शक ५०६ (वि. सं. ६४१) का मेषसङ्क्रान्ति र वृषसङ्क्रान्तिका वारादि ब्रह्मसिद्धान्तबाट गणना गरी ल्याएको हुँ भनी जो दिएका छन्, त्यसको अब परीक्षा गरिन्छ ।

शाके	मेषसङ्क्रान्तिको वारादि	
४२२	६. ४६१	(भारत र वाहिरका कालगणनाको १६ कोष्ठ)
८४	०. ७३५	(४ कोष्ठ)
५०६	७. १९६	
	०. १९६	मेषसङ्क्रान्तिको वारादि
वृषसङ्क्रान्तिको क्षेपक	२. ९३२	(१७ कोष्ठ)
	३. १२८	वृषसङ्क्रान्तिको वारादि

यति गणनाबाट ब्रह्मसिद्धान्तअनुसार शाके ५०६ (वि. सं. ६४१)को मेषसङ्क्रान्ति शनिवार[८] र वृषसङ्क्रान्ति मङ्गलवार पर्छ भन्ने स्पष्ट हुन्छ ।

यस कारण ब्रह्मसिद्धान्तअनुसार शाके ५०६ (वि. सं. ६४१)को मेषसङ्क्रान्ति शुक्रवार र वृषसङ्क्रान्ति सोमवार आउँछ भनी शङ्करमानले जो लेखे, सो गणितबाट सिद्ध हुँदैन ।

चाँगुको अंशुवर्माको अभिलेखबाट संवत् ३१ माघशुक्ल त्रयोदशीको दिन आदित्यवार तिष्यनक्षत्र परेका थिए भनी बुझिन्छ[९] । नेपालमा बनेको[१०], नेपालमै मात्र पाइएको सुमतितन्त्रनामक ज्यौतिषग्रन्थ (पात्रो बनाउने मूल

---

८. वेङ्कटेश केतकरको सारणीबाट यो गणना गरिएको हो । ब्रह्मसिद्धान्तको मूलाङ्कबाट गणना गर्दा पनि यस्तै परिणाम आउँछ । नानी देवीप्रसाद भण्डारीको यस विषयको निबन्ध पूर्णिमाको आगामी अङ्कमा प्रकाशित हुनेछ ।

९. एकत्रिंशत्तमे वर्षे वर्तमाने स्वसंस्थया
माघशुक्लत्रयोदश्याम्पुष्येण सवितुर्दिने
(वि. सं. २०३० मा त्रिभुवन विश्वविद्यालयको नेपाल र एशियाली अध्ययनसंस्थानद्वारा प्रकाशित धनवज्र वज्राचार्यको लिच्छविकालका अभिलेखको ३१७ पृष्ठ)

१०. वि. सं. २०३३ मा त्रिभुवनविश्वविद्यालयको संस्कृत अध्ययनसंस्थानको वाल्मीकिविद्यापीठद्वारा प्रकाशित मर्यादाको १२ अङ्कका ४०–६४ पृष्ठमा छापिएको नयराज पन्त, देवीप्रसाद भण्डारी, दिनेशराज पन्तको सुमतितन्त्रको केही परिचय भन्ने निबन्ध ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

गृन्थ) मा शाके ४९८ (वि. सं. ६३३) देखि मानदेवसंवत् चल्यो भनी लेखिएको छ[११]। अंशुवर्माको सो अभिलेखको संवत् ३१ लाई मानदेवसंवत् मान्दा सो अभिलेखको समय ६३३+३१=६६४ वि. सं. हुन आउँछ। गणना गरी हेर्दा वि. सं. ६६४ मा माघशुक्ल त्रयोदशीको दिन आदित्यवार तथा तिष्यनक्षत्र पर्छन्[१२], तर मानदेवसंवत् मानी गणना गर्दा मिल्दैन भनी शङ्करमानले लेखेका छन्[१३]।

शङ्करमानले आफूले पढेका गृन्थ उध्र्दै मनन गर्दै मनमा खेलाउने बानी बसाई आफ्नो लेख परीक्षा गर्दै गए भने आफ्नो लिच्छविसंवत्को निष्कर्षमा रहेका गणितविषयका अरू अरू दोष पनि फलफल देख्नेछन्। केही गरी त्यस्तो हुन नसकेमा

येऽत्र वासनाविदस्तैरुक्तमात्रमपीदं ज्ञायते। येऽन्ये न विदन्ति, अथवा वृथाभिमानिनस्तेषां धूलीकर्मणा प्रतीतिरुत्पाद्या।

(सिद्धान्तशिरोमणि स्पष्टाधिकार ४० श्लोकको वासनाभाष्य)

[यो कुरो भन्नेबित्तिकै उपपत्ति बुझ्ने मानिसहरूले बुझिहाल्छन्। जो बुझ्दैनन् अथवा फोसो घमण्ड गरी हिँड्छन्, तिनीहरूलाई धूलिकर्म[१४] गरी बुझाइदिनुपर्छ।]

इदं सुज्ञैरुक्तमात्रमपि ज्ञायते। इदानीं ये जडास्तेषां प्रतीत्यर्थं ...

(सिद्धान्तशिरोमणि त्रिप्रश्नाधिकार ५२ श्लोकको वासनाभाष्य)

[यो कुरो भन्नेबित्तिकै बुद्धिमान्ले बुझिहाल्छन्। जो लट्ठक छन्, तिनीहरूलाई बुझाउन]

लिच्छविसंवत्को निष्कर्षमा रहेका गणितविषयका अरू अरू अशुद्धि पूर्णिमामा भास्करले भने जस्तो गरी विस्तारै प्रकाश हुँदै जानेछन्।

चाँगुको मानदेवको स्तम्भाभिलेखमा यस्तो वाक्य छ–

संवत् ३८६ ज्यैष्ठमासे शुक्लपक्षे प्रतिपदि १ (रो)हिणीनक्षत्त्रयुक्ते चन्द्रमसि मुहूर्त्ते प्रशस्तेभिजिति

---

११. पूर्णिमा ५ अङ्कमा प्रकाशित शङ्करमान राजवंशीको पाटन सुनधाराको अभिलेखमा रहेका राजा र संवत्-विषयको विचार भन्ने निबन्ध, सो अङ्कका ११–१२ पृष्ठ।

१२. दिनेशराज पन्तको चाँगुको अंशुवर्माको अभिलेखको गणनानामक निवन्धमा सो गणना दिइएको छ। पूर्णिमाको आगामी अङ्कमा सो निबन्ध प्रकाशित हुनेछ।

१३. लिच्छविसंवत्को निष्कर्षका ७, ३० पृष्ठ।

१४. भास्करको पालामा (विक्रमको तेह्रौं शताब्दीमा) कागत थिएन, भए पनि सुलभ थिएन। यस कारण आजभोलि जस्तो कागतमा हिसाब गर्नु त्यस वेला सम्भव थिएन। त्यसैले पाटीमा धूलो हाली गणित गर्ने चलन थियो। यस कारण तिनताक गणित गर्नुलाई धूलिकर्म भनिन्थ्यो। वैयाकरणहरू पाटीमा धूलो हाली धरीले ले... साथी विद्यार्थीहरूलाई पढाउँथे भन्ने कुरा नैषधीयचरित १९ सर्गको ६२ श्लोकबाट बुझिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यसको अर्थ भगवान्लाल इन्द्राजीले यस्तो गरेका छन्–

अन् द फर्स्ट् डे अफ् द ब्राइट् हाफ् अफ् द मन्थ् ज्येष्ठ अफ् संवत् ३८६, ह्वाइल् द मून् स्टूड् इन् द कन्स्टल्एशन् रोहिणी , इन् दि एक्सेल्अन्ट् मुहूर्त कल्ड् अभिजित् ।

[वि. सं. १९४२ मा बम्बईबाट प्रकाशित, भगवान्लाल इन्द्राजीद्वारा रचित, जर्ज बूलरद्वारा अनूदित ट्वेन्टि–थ्री इन्स्क्रिप्शन्ज् फ्रम् नेपाल् कलेक्टड् यट् दि एक्स्पेन्स् अफ् एच्. एच्. द नवाव् अफ् जूनागढ् (जूनागढका नवाबको खर्चले बटुलिएका, नेपालका २३ वटा अभिलेख) को ३ पृ.]

[संवत् ३८६ ज्येष्ठशुक्ल प्रतिपदामा, चन्द्रमा रोहिणीनक्षत्रमा भएको वेलामा, असल मुहूर्त अभिजित्मा ।]

यसको अर्थ जोन फेथफुल फ्लीटले यस्तो गरेका छन्–

द यर् ३०० (यान्ड्) ८० (यान्ड्) ६; इन् द ब्राइट् फर्ट्नाइट् अफ् द मन्थ् ज्येष्ठ, अन् द फर्स्ट् तिथि अर् लूनर् डे, (अर् इन् फिग्अरज्) १; द मून् बीइङ इन् कन्जक्शन् विथ् द रोहिणी नक्षत्र; इन् द एक्सेल्अन्ट् मुहूर्त (नेम्ड्) अभिजित् ।

[जोन फेथफुल फ्लीटको इन्स्क्रिप्शन्ज् अफ् दि अर्लि गुप्त किङ्ज् यान्ड् देर् सक्सेस्अर्ज् (उठानका गुप्त राजा र तिनका उत्तराधिकारीहरूका अभिलेख) को अर्थात् कर्पस् इन्स्क्रिप्शनम् इन्डिकारम् (भारतीय अभिलेख–सङ्ग्रह) को तेस्रो भागको पूर्वखण्डको वि. सं. २०२० मा काशीको इन्डोलजिकल बुक हाउसद्वारा प्रकाशित संस्करणको ९५ पृ.]

[संवत् ३००+८०+६ ज्येष्ठशुक्ल प्रतिपदामा, चन्द्रमा रोहिणीनक्षत्रमा बसिरहेको वेलामा, असल मुहूर्त अभिजित्मा ।]

यसको अर्थ सिल्माँ लेभीले यस्तो गरेका छन्–

आँन् ३८६, म्वा दे ज्यैष्ठ, केन्जेन् क्लेर्, प्रेमेये कुर् दे ला लूनाइसों, १, ला लुन् एताँ असेस्ये ओ नक्षत्र रोहिणी, ओ ताँन् फावराब्ल् द'अभिजित् ।

[वि. सं. १९६५ मा पेरिसबाट प्रकाशित, सिल्माँ लेभीको ले नेपाल् एतूईद् ईस्तवरीक् द'अन् न्रायोम् ऍंदू (हिन्दू अधिराज्य नेपालको इतिहासको परिशीलन) को तेस्रो भागको १४ पृ.]

[संवत् ३८६ ज्येष्ठ महीना, शुक्ल पक्ष, प्रतिपदा तिथि, रोहिणी नक्षत्रमा चन्द्रमा भएको वेला, शुभ अभिजित् मुहूर्तमा]

यसको अर्थ हामीले (ऐ. शि. बाबुराम आचार्य, नयराज पन्तले) यस्तो गरेका छौँ–

संवत् ३८६ जेठ महीना शुक्लपक्ष परेवामा, (रो)हिणी नक्षत्रमा चन्द्रमा बसेमा, असल अभिजित् मुहूर्तमा[१५] ।

(वि. सं. २०१० मा काठमाडौँबाट प्रकाशित संस्कृत–सन्देश ७ अङ्कका ३१–३२ पृ.)

---

१५. इतिहास–संशोधनको प्रमाण–प्रमेय (मूल भाग)को १०६ पृष्ठमा पनि यहीअनुसारको अर्थ छापिएको छ । लिच्छविकालका अभिलेखको १४ पृष्ठमा पनि यहीअनुसारको अर्थ छापिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

शङ्करमान राजवंशीले यस अर्थको खण्डन गरी अहिले नयाँ व्याख्या प्रस्तुत गरेका छन् । सो यस प्रकारको छ–

... अंशुवर्मा भन्दा माथिका अभिलेखमा २२ वर्ष घटाएपछि शकसंवत् हुन्छ भन्ने सिद्ध हुन आएकोले चाँगुमा स्तम्भलेख राख्ने प्रथम मानदेवको समय ३८६–२२ = ३६४ शक हुने भयो। मानदेवको उक्त चाँगुको अभिलेखमा मिति " ज्येष्टमासे शुक्लपक्षे प्रतिपदि रोहिणी नक्षत्रयुक्ते चन्द्रमसि मुहूर्ते प्रशस्ते भिजिति" भनी उल्लेख गरेको छ । सो मितिको ब्रह्मसिद्धान्तबाट गणना गर्दा आएको पचाङ्ग यस प्रकार छ ।

सं. ३८६ (शक ३६४) ज्येष्ठशुक्लपक्ष

तिथि	वार	घडी	पला	नक्षत्र	घडी	पला	सूर्य	दिनमान
१	सो	१८	१२	रो	२६	४४	१।१०.३७	३२।३०

घडी १५।१० उप्रान्त १७।२० यावत् अभिजित् मुहूर्त

यस गणनाबाट उपर्युक्त मितिमा उल्लेख भएको 'चन्द्रमसि' को अर्थ सोमवार भन्ने कुरा स्पष्ट खुल्न आएको छ । यसले रोहिणी नक्षत्रले युक्त भएको चन्द्रमा भन्ने अर्थ होइन भन्ने सिद्ध गर्छ । किन भने नक्षत्र भनेकै चन्द्रमा हो । त्यस कारण नक्षत्र भनिकन फेरि चन्द्रमा भन्नुपर्ने आवश्यक छैन । कि त वृषराशिगते चन्द्रमसि भन्नुपर्थ्यो । प्रौढ संस्कृतका ज्ञाता मानदेवले यसरी व्यर्थ शब्दको प्रयोग किन गर्लान् । त्यस कारण मानदेवले चन्द्रमसि शब्द प्रयोग गर्नाको कारण वारलाई लक्ष्य गरेको ठहर्छ । संवत् ३८६ लाई शकसंवत् नै मानी आउँदा गणनाबाट उक्त मिति बिहीवार आउँथ्यो । त्यसैले भ्रम अर्थमा परिरहेको हो ।

(लिच्छबिसंवत्को निष्कर्षका २७–२८ पृ.)

लिच्छविसंवत्को निष्कर्षको यस लेखाइबाट

मानदेव ब्रह्मसिद्धान्तअनुसारको पञ्चाङ्ग मान्थे भन्ने पहिलो सिद्धान्त

मानदेवको चाँगुको स्तम्भलेखमा परेको रोहिणीनक्षत्रयुक्ते चन्द्रमसिको अर्थ रोहिणीनक्षत्रमा चन्द्रमा भएको बेलामा भन्ने होइन, सोमवार रोहिणीनक्षत्र परेको दिन हो भन्ने दोस्रो सिद्धान्त

मानदेवले चाँगुमा सो स्तम्भलेख राखेको समय वि. सं. ४९९ हो भन्ने तेस्रो सिद्धान्त

देखिन आउँछन् ।

अब यिनको परीक्षा गरिन्छ ।

ब्रह्मगुप्त जन्मनुभन्दा १५६ वर्षअगाडि उनको सिद्धान्त चल्न नसक्ने हुनाले पहिलो सिद्धान्त निराधार कल्पना हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

दोस्रो सिद्धान्तको अब परीक्षा गरिन्छ ।

आकाशमा चन्द्रमालाई निहारेर हेर्नें गऱ्यो भने आज एउटा तारासमूहको नगीचमा रहेका चन्द्रमा भोलिपल्ट त्यसभन्दा पूर्वपट्टि रहेको अर्को तारासमूहको नगीचमा पुगेको प्रत्यक्ष देखिन्छ । दिनदिनै चन्द्रमा पूर्वतिर सर्दै भिन्न भिन्न तारासमूहको नगीचमा पुग्दै जान्छन् । २७ दिन जतिमा फेरि पहिलेकै तारासमूहको नगीचमा भने जस्तै चन्द्रमा आइपुग्छन् । फेरि अघिकै क्रमले चन्द्रमा पूर्वतिर सर्दै गएको देखिन्छ । आज फलानो तारासमूहनिर चन्द्रमा आइपुगेका छन् भन्ने कुरा आकाशलाई निहार्ने मानिस भन्न सक्छ । फलानो तारासमूहनिर चन्द्रमा आइपुगेको वेलामा फलानो काम गर्नू अथवा फलानो काम भयो भन्ने वर्णन प्राचीन ग्रन्थमा पाइन्छ ।

ताराको पर्याय नक्षत्र हो–

नक्षत्रमृक्षं भं तारा तारकाऽप्युडु वा स्त्रियाम् . . . ।।२१।।

(अमरकोश दिग्वर्ग)

[नक्षत्र, ऋक्ष, भ, तारा, तारका, उडु यी ६ शब्दले तारालाई बुझाउँछन् ।]

(पूर्णिमा १५ अङ्कका २१७–३२८ पृष्ठमा छापिएको ऐतिहासिकशिरोमणि श्रीबाबुराम आचार्यज्यूसँग प्रार्थना भन्ने मेरो निबन्ध, सो अङ्कको २५४ पृ.)

मानदेवको उक्त अभिलेखमा रोहिणीनक्षत्रयुक्ते चन्द्रमसि भन्ने वाक्य परेको छ । रोहिणीयोगेनाऽधिकं शोभते भगवान् मृगलाञ्छनः भन्ने वाक्य कालिदासले प्रयोग गरेका छन्–

देवी– (चन्द्रमालोक्य) एष रोहिणीयोगेनाऽधिकं शोभते भगवान् मृगलाञ्छनः । . . .
दारिका आनयतोपहारकं, यावद्धर्म्यगतांश्चन्द्रपादानर्चयामि । . . .
(नाट्येन कुसुमादिभिश्चन्द्रपादानभ्यर्च्य)

(विक्रमोर्वशीय ३ अङ्क)

[महारानी– (चन्द्रमातिर हेरेर) रोहिणी नक्षत्रसँग भेट हुनाले भगवान् चन्द्रमाको शोभा बढेको छ । ए ठिटीहो, पूजासामान ल्याओ, दरबारमा लाएको जूनलाई पूजा गर्छु ।
(फूलहरूले जूनलाई पूजा गरेर)]

(पूर्णिमा १५ अङ्कका २६१–२६२ पृ.)

यहाँ रोहिणीयोगेनाऽधिकं शोभते भगवान् मृगलाञ्छनः भन्ने वाक्य तथा चन्द्रपादानभ्यर्चयामि भन्ने वाक्य महारानीको मुखबाट कालिदासले निकालेका छन् । यताबाट मृगलाञ्छन शब्दको अर्थ चन्द्रबिम्ब नै हो भन्ने कुरामा केही शङ्का रहँदैन । सोमवार भन्ने अर्थ भए वारको बिम्ब पनि किरण पनि नहुने हुनाले[१६] यी वाक्य असङ्गत हुन्थे ।

---

१६. परिशिष्ट

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

आकाशमा मोती जस्तो झलमलाउँदो चित्रा ताराले मानिसको मनलाई आकर्षण गर्दछ । वाल्मीकिले चित्रासँगसँगै बसेका चन्द्रमालाई सीतासँगसँगै बसेका रामसँग दाँजेका छन्–

स रामः पर्णशालायामासीनः सह सीतया ।।३।।
विरराज महाबाहुश्चित्रया चन्द्रमा इव ।

(वाल्मीकीय रामायण अरण्यकाण्ड १७ सर्ग)

[कुटीमा सीतासँग बसेका लामा लामा हात भएका रामचन्द्र चित्रासँग बसेका चन्द्रमा झैं सुहाए ।]

वाल्मीकिको यही उपमालाई कालिदासले झन् राम्रो गरी दिएका छन्–

काऽप्यभिख्या तयोरासीद् व्रजतोः शुद्धवेषयोः ।
हिमनिर्मुक्तयोर्योगे चित्राचन्द्रमसोरिव ।।४६।।

(रघुवंश १ सर्ग)

[सादा भेष लिई बनतिर जान लागेका सुदक्षिणा र दिलीप हिउँ हटेपछि भेट भएका चित्रा र चन्द्रमा झैं अत्यन्त सुहाए ।]

यहाँ हिउँ हटेपछि भनेको अर्थ जाडो गएपछि भन्ने हुन्छ । यताबाट चैतको पूर्णिमालाई कविले बुझाउन खोजेको देखिन्छ । अर्थात् चैत्रशुक्ल पूर्णिमाका पूर्ण चन्द्र र चित्राको संयोगको वर्णन कालिदासले गरेको बुझिन्छ ।

(पूर्णिमा १५ अङ्कका २५७–२५८ पृ.)

यहाँ चन्द्रमा र चित्राको तुलना राम र सीतासँग वाल्मीकिले, दिलीप र सुदक्षिणासँग कालिदासले गरेका छन् । राम पनि मूर्तिधारी थिए, दिलीप पनि मूर्तिधारी थिए । यस कारण चन्द्रमा शब्दको अर्थ चन्द्रबिम्ब नै हो, सोमवार होइन भन्ने कुरामा शङ्का गर्ने ठाउँ छैन ।

उज्याला झिलिमिली गर्ने ठूलठूला दुइवटा तारा उत्तर दक्षिण भई रहेका हुन्छन् । यी दुइ जस्ता अरू कुनै तारा आकाशभर पाइँदैनन् । यी दुइ तारा केही उत्तर उत्तर भागमा देखिन्छन् । यिनै दुइ तारा पुनर्वसू हुन् । यिनीहरू दुइवटा भएका हुनाले लोकमा द्विवचनमा प्रयोग गरिन्छन् ।

जुन दिन पात्रोमा पुनर्वसू नक्षत्र लेखेको हुन्छ, त्यस दिन आकाशमा चन्द्रमालाई हेर्दा चन्द्रमानिर रहेका दुइ तारा देखिन्छन् । ती दुइ तारा पुनर्वसू तारा हुन् । पुनर्वसूलाई चिन्न केही कष्ट पर्दैन । कुहिरो बादल केही नभएको आकाशमा पुनर्वसूको शोभा विलक्षण देखिन्छ । कुनै पनि विचारशील मानिसले एकपल्ट पुनर्वसूलाई चिनेपछि कहिल्यै पनि बिर्सन सक्तैन ।

राम–लक्ष्मणलाई साथमा लिएर हिंड्न लागेका विश्वामित्रको वर्णन गर्दा पुनर्वसूनिर रहेका चन्द्रमाको उपमा कति रा... वाल्मीकिले दिएका छन्–

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

इत्युक्त्वा परमप्रीतो गृह्य रामं सलक्ष्मणम् ।
प्रविशन्नाश्रमपदं व्यरोचत महामुनिः ।।
शशीव गतनीहारः पुनर्वसुसमन्वितः ।।२५।।

(वाल्मीकीय रामायण बालकाण्ड २९ सर्ग)

[यति भनेर अत्यन्त खुशी भएका ठूला मुनि (विश्वामित्र) राम र लक्ष्मणलाई साथ लिई आश्रममा पस्ता कुहिरोबाट निस्केका पुनर्वसूसमेतका चन्द्रमा जस्तै सुहाए।]

अश्वघोषले पनि यस्तै लेखेका छन्—

कृताभ्यनुज्ञावभितस्ततस्तौ निषेदतुः शाक्यकुलध्वजस्य ।
विरेजतुस्तस्य च सन्निकर्षे पुनर्वसू योगगताविवेन्दोः ।।११।।

(बुद्धचरित ९ सर्ग)

[शाक्यकुलका ध्वजा भएका तिनको (सिद्धार्थको) आज्ञा पाएर तिनको नजीकमा बसेका ती दुइ (मन्त्री र पुरोहित) चन्द्रमासँग भेट भएका पुनर्वसू जस्तै सुहाए।]

(पूर्णिमा १५ अङ्कका २५६–२५७ पृ.)

पुनर्वसूका दुइ तारासँगसँगै रहेका चन्द्रमाको तुलना वाल्मीकिले राम र लक्ष्मणसँगसँगै बसेका विश्वामित्र तथा अश्वघोषले मन्त्री र पुरोहितसँगसँगै बसेका सिद्धार्थ (बुद्ध) सँग गरेका छन्। यहाँ राम, लक्ष्मण तथा विश्वामित्र तीनवटैलाई आँखाले मनुष्य हेर्न सक्तथे। यसै गरी मन्त्री र पुरोहितसँगसँगै बसेका सिद्धार्थलाई पनि मनुष्य हेर्न सक्तथे। आकाशमा पुनर्वसू तारासँगसँगै बसेका चन्द्रमालाई पनि मानिस हेर्न सक्तछन्। परन्तु वारलाई कसैले पनि देख्न सक्तैन। यस कारण चन्द्रमा शब्दको अर्थ चन्द्रबिम्ब नै हो, सोमवार होइन भन्ने कुरा स्पष्ट हुन्छ।

अथ पुंसवनम् ।।१।। यदहः पुंसा नक्षत्रेण चन्द्रमा युज्येत तदहः ... ।।३।।

(पारस्करगृह्यसूत्र १ काण्ड १४ कण्डिका)

यस्मिन्नहनि पुंसा नक्षत्रेण पुनर्वसुपुष्यादिना चन्द्रमसो योगो भवति तदहः . . .

(कर्कभाष्य)

[जुन दिन पुरुष नक्षत्र (तिष्य, पुनर्वसू आदि नक्षत्र) सँग चन्द्रमाको भेट हुन्छ, त्यस दिन पुंसवनकर्म गर्नू।]

सीमन्तोन्नयनं बुधस्तुहिनगौ पुन्नामधिष्ण्ये स्थिते
कुर्यात् पुंसवनं च सूर्यदिवसे जीवस्य भौमस्य वा . . . ।।१२।।

(भास्कराचार्यका पिता महेश्वरले बनाएको वृत्तशतक)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

...पुंनामधिष्ण्ये पुरुषसंज्ञनक्षत्रे तुहिनगौ चन्द्रे सति पुंभानि यथा पुंनक्षत्राणि चैतानि पुष्यो हस्तः पुनर्वसुः । अभिजित् प्रोष्ठपाच्चैवाऽथाऽनुराधाऽश्वयुक् तथा ।... तेषु सीमन्तोन्नयनं ... पुंसवनं च बुधः कुर्यादिति सीमन्तः उन्नीयते यस्मिन् कर्मणि तत् सीमन्तोन्नयनम् । पुमान् सूयते येन कर्मणा तत् पुंसवनम् ।... सूर्यदिवसे आदित्यवासरे जीवस्य गुरोर्वारे भौमस्य वासरे ...

[वृत्तशतकको लीलानाथ पाँडेले बनाएको मुनिवाक्यार्थदर्पणनामक टीकाका २४–२५ [पत्र । यस ग्रन्थको परिचय पूर्णिमा ३२ अङ्कमा छापिएको रामजी तेवारीको वृत्तशतकको राजाभिषेकप्रकरणको राजज्योतिषी लीलानाथ पाँडेले गरेको व्याख्यानामक निबन्धमा (सो अङ्कको ६२ पृष्ठमा) छ ।]

[पुरुषनक्षत्रमा चन्द्रमा बसेका बेलामा, आदित्यवार मङ्गलवार बृहस्पतिवारमा सीमन्तोन्नयन र पुंसवन गर्नुपर्छ ।]

पुंभेऽर्कज्याऽरवारे द्विमिथुनविषमाङ्गांशयोः पुंसवं स्यात् ... ॥४॥

(मुहूर्तमार्तण्ड संस्कारप्रकरण)

[पुरुषनक्षत्र (तिष्य, पुनर्वसु, हस्त, अभिजित्, अनुराधा, पूर्वभाद्रपद, अश्विनी)मा, आदित्यवार मङ्गलवार बृहस्पतिवारमा, मिथुनबाहेकका बिजोर लग्न तथा नवांश (मेष, सिंह, तुला, धनु, कुम्भ)मा पुंसवनकर्म गर्नु बढिया हुन्छ ।]

क्लीबपती बुधसौरी चन्द्रसितौ योषितां नृणां शेषाः ... ॥५॥

(लघुजातक २ अध्याय)

[बुध र शनैश्चर नपुंसकका अधिपति हुन् । चन्द्र र शुक्र स्त्रीका अधिपति हुन् । सूर्य, मङ्गल र बृहस्पति पुरुषका अधिपति हुन् ।]

पुंस्त्री क्रूराऽक्रूरौ चरस्थिरद्विस्वभावसंज्ञाश्च ।
अजवृषमिथुनकुलीराः पञ्चमनवमैः सहैन्द्रचाद्याः ॥७॥

(लघुजातक १ अध्याय)

[मेष पुरुष, वृष स्त्री, मिथुन पुरुष, कर्कट स्त्री यही क्रमले मेषादि राशिलाई पुरुष र स्त्रीमा विभाजन गरिएको छ । पुरुष राशि कडा स्वभावका र स्त्री राशि नरम स्वभावका हुन्छन् । मेष चर, वृष स्थिर, मिथुन द्विस्वभाव फेरि यही क्रमले गणना हुन्छ । मेष पूर्वमा, वृष दक्षिणमा, मिथुन पश्चिममा, कर्कट उत्तरमा फेरि यही क्रमले गणना हुन्छ ।]

सूर्य, मङ्गल, बृहस्पति पुरुषका अधिपति ग्रह हुन् । यिनै ग्रहको वारमा पुंसवन गर्नू भनी वृत्तशतकमा र मुहूर्तमार्तण्डमा लेखिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

मेष, मिथुन, सिंह, तुला, धनु, कुम्भ पुरुष राशि हुन् । यीमध्ये मिथुनलाई छोडी अरूमा पुंसवन गर्नू भनी मुहूर्तमार्तण्डमा लेखिएको छ ।

सूत्रकारले पुरुष नक्षत्रसँग चन्द्रमाको भेट भएको दिन पुंसवन गर्नू भनी बोलेका छन् । संहिताकारले पुरुष नक्षत्र, पुरुष वार, पुरुष लग्न नवांशमा पुंसवन गर्नू भनी बोलेका छन् ।

चन्द्रमाको गणना स्त्रीका अधिपति ग्रहमा हुन्छ । सोमवार पुंसवन निषिद्ध छ । छोरो जन्मोस् भन्ने इच्छाले पुंसवन गरिने हुनाले पुरुष नक्षत्र, पुरुष वार, पुरुष लग्न नवांश पारिएको हो । मिथुन भाले पोथी भएकोले त्यसलाई छोडिदिएको हो ।

यदहः पुंसा नक्षत्रेण चन्द्रमा युज्येत तदहः यसको अर्थ पुरुष नक्षत्र परेको सोमवार भन्ने कुनै भाष्यकार गरेका छैनन् । संहिताकारले स्पष्टसँग सोमवारको निषेध गरिदिएका छन् ।

चत्वार्येतानि चर्माणि तस्यां वेद्यामुपास्तरेत् ।
शुभे मुहूर्ते सम्प्राप्ते पुष्ययुक्ते निशाकरे ॥४५॥

(बृहत्संहिताको पुष्यस्नानाध्याय)

[चन्द्रमा पुष्यनक्षत्रमा भएको वेलामा राम्रो मुहूर्तमा यी चारथरी छाला त्यो वेदीमा ओछ्याउनू ।]

(पूर्णिमा ३३ अङ्कमा प्रकाशित महेशराज पन्तको पुष्याभिषेक भन्ने निबन्ध, सो अङ्कका १४–१५ पृ.)

एतानि चत्वारि चर्माणि तस्यां प्रागुक्तायां वेद्यामुपास्तरेत् । कस्मिन् काले । निशाकरे चन्द्रे पुष्ययुक्ते पुष्यस्य योगतारकासमीपस्थे । शुभे च मुहूर्ते सम्प्राप्ते ।

(भट्टोत्पलको टीका । वि. सं. १९५२ मा काशीबाट प्रकाशित, सुधाकर द्विवेदीद्वारा सम्पादित बृहत्संहिताको पहिलो भागको ५९४ पृ.)

पुष्ययुक्ते निशाकरेको अर्थ भट्टोत्पलले निशाकरे चन्द्रे पुष्ययुक्ते पुष्यस्य योगतारकासमीपस्थे [चन्द्रमा पुष्यनक्षत्रको योगतारा (मुख्य तारा) नजीक रहेको वेलामा] भन्ने गरेका छन्, पुष्यनक्षत्र परेको सोमवार भन्ने गरेका छैनन् ।

प्राजेशमाषाढतमिस्रपक्षे क्षपाकरेणोपगतं समीक्ष्य ।
वक्तव्यमिष्टं जगतोऽशुभं वा शास्त्रोपदेशाद् ग्रहचिन्तकेन ॥४॥
योगो यथाऽनागत एव वाच्यः स धिष्ण्ययोगः करणे मयोक्तः ।
चन्द्रप्रमाणद्युतिवर्णमार्गैरुत्पातवातैश्च फलं निगाद्यम् ॥५॥

(बृहत्संहिता रोहिणीयोगाध्याय)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

[आषाढकृष्ण (पूर्णान्तमानले श्रावणकृष्ण) मा रोहिणीनक्षत्रसँग बसेका चन्द्रमालाई हेरेर ज्योतिषीले शास्त्रबमोजिम लोकको शुभाशुभफल बताउनुपर्छ।

चन्द्रमाको नक्षत्रसँग हुने योग अगाडि नै कसरी थाहा पाउने भन्ने विषयमा मैले आफ्नो करण (पञ्चसिद्धान्तिका) मा लेखेको छु।

चन्द्रमाको बिम्ब, तेज, वर्ण, बाटो, उल्कापात र वायुको विचार गरेर शुभाशुभफल बताउनुपर्छ।]

आषाढमासस्य तमिस्रपक्षे कृष्णपक्षे प्राजेशं रोहिणीं क्षपाकरेण चन्द्रेणोपगतं संयुक्तं समीक्ष्य दृष्ट्वा ग्रहचिन्तकेन दैवज्ञन शास्त्रोपदेशात् ग्रन्थागमाज्जगतो जनस्येष्टं शुभमशुभमनिष्टं वा वक्तव्यं कथनीयम् ।।४।।

योगो यथेति। यथा येन प्रकारेण योगो रोहिणीयोगोऽनागतो भावी एव वाच्यो वक्तव्योऽत्र स धिष्ण्ययोगो नक्षत्रयोगः करणे पञ्चसिद्धान्तिकायां मयोक्तः कथितः।

तथा च पञ्चसिद्धान्तिकायाम्।

बुद्ध्वा शशिविक्षेपं कृत्वा ताराशशाङ्कविवरं च।

संसाध्य च वक्तव्यः पश्चात् तारासमायोगः।[११]

इत्यादिना ग्रन्थेनेति।

तथा च ब्रह्मसिद्धान्ते।

ध्रुवकादूनः पश्चादधिकः प्राग्वत् कृतो यथा योगः ।।[१२]

अन्यद् ग्रहमेलकवदिति।

चन्द्रप्रमाणेति। चन्द्रस्य प्रमाणेन बिम्बपरिमाणेन द्युत्या कान्त्या। वर्णेन सितादिकेन। मार्गेण यथा पूर्वाद्यास्वष्टासु दिक्षु संस्थित्या। एतैस्तथोत्पातैस्तत्कालजातैरुल्कापातादिभिर्वातैश्चाऽनिलैः शुभाशुभफलं निगाद्यं वक्तव्यमिति ।।५।।

(भट्टोत्पलको टीका। बृहत्संहिता १ भागका ३७८–३७९ पृ.)

वराहमिहिरले रोहिणीसँग चन्द्रमाको भेट कसरी ल्याउनुपर्छ भन्ने कुरा मैले करणग्रन्थमा बताएको छु भनी लेखेका र भट्टोत्पलले उद्धरण गरेको पञ्चसिद्धान्तिकाको वचनमा शरद्वारा गणित गर्ने विधि लेखिएको छ। चन्द्रबिम्बको शर हुन्छ, सोमवारको शर हुँदैन। यस कारण रोहिणीसँग चन्द्रमाको योग भनेको रोहिणीनक्षत्र परेको सोमवार भन्ने अर्थ हुन सक्तैन भन्ने स्पष्ट हुन्छ। ब्राह्मगुप्तको ब्राह्मस्फुटसिद्धान्तको वाक्यलाई भट्टोत्पलले ब्रह्मसिद्धान्तको वचन

११. पञ्चसिद्धान्तिका १४ अध्याय ३३ श्लोक (पञ्चसिद्धान्तिकाको दोस्रो संस्करणको ४१ पृ.)

१२. ब्राह्मस्फुटसिद्धान्त भगृहयुत्यधिकार ४ श्लोक (ब्राह्मस्फुटसिद्धान्तको १२४ पृ.)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भनी उद्धरण गरेका छन् । त्यहाँ पनि नक्षत्र र ग्रहको योग अर्थात् नक्षत्रविम्ब र ग्रहबिम्बको योगको कुरो छ। यताबाट तिनको बिम्बको सम्बन्धको विषय यो हो भन्ने स्पष्ट हुन्छ ।

यहाँसम्मका कुराबाट रोहिणीनक्षत्रयुक्ते चन्द्रमसि यस वाक्यको अर्थ

> यस गणनाबाट उपर्युक्त मितिमा उल्लेख भएको 'चन्द्रमसि' को अर्थ सोमवार भन्ने कुरा स्पष्ट खुल्न आएको छ । यसले रोहिणी नक्षत्रले युक्त भएको चन्द्रमा भन्ने अर्थ हाइन भन्ने सिद्ध गर्छ ।

(लिच्छविसंवत्को निष्कर्षको २७ पृ.)

भनी शङ्करमानले जो लेखेका छन्, सो कुरो प्रमाणबाट सिद्ध हुँदैन भन्ने स्पष्ट हुन्छ ।

तेस्रो सिद्धान्तको परीक्षा अब गरिन्छ ।

संवत् ३८६ ज्यैष्ठमासे शुक्लपक्षे प्रतिपदि १ (रो)हिणीनक्षत्रयुक्ते चन्द्रमसि मुहूर्त्ते प्रशस्तेभिजिति

यस वाक्यमा वारको उल्लेख छैन भन्ने कुरा माथि भरखर सिद्ध गरियो। ज्येष्ठा नक्षत्र पर्ने पूर्णिमा ज्यैष्ठी पूर्णिमा र ज्यैष्ठी पूर्णिमा भएको महीना ज्यैष्ठ मास कहलाउँछ। यस कारण ज्येष्ठशुक्ल पूर्णिमामा प्रायः ज्येष्ठा-नक्षत्र पर्छ[१२], फरक परे पनि एक दुइ नक्षत्रको वरपरभन्दा फरक पर्दैन । पन्ध्रौं तिथि पूर्णिमामा ज्येष्ठा पर्ने हुनाले पहिलो तिथि प्रतिपद्मा रोहिणी पर्नु स्वाभाविक हुन्छ । यस कारण ज्येष्ठशुक्लमा रोहिणी नक्षत्र र परेवा तिथिको प्रायः समागम हुन्छ। पात्रोको घडी हेर्न जान्ने मानिसहरू सहजै यो कुरो बुझ्न सक्छन् । यस कारण हाम्रो प्रचलित पञ्चाङ्गगणनाअनुसार ज्येष्ठशुक्ल परेवामा रोहिणी नक्षत्र पर्नु विशेष कुरो होइन । मानदेवको चाँगुको सो स्तम्भलेखमा वार छ भनी शङ्करमानले जो लेखेका छन्, सो खरायोको सीङ पाएँ भन्नु जस्तै हो । यस कारण विनाआधारको सो गणनाबाट केही निष्कर्ष निस्कन सक्तैन ।

यहाँसम्मका कुराबाट लिच्छविसंवत्को निष्कर्ष इतिहास, गणित तथा संस्कृत वाङ्मयको दृष्टिबाट जाँच्दा प्रामाणिक नठहरिएको स्पष्ट हुन्छ ।

लिच्छविसंवत्को निष्कर्ष मेरो हात परेको केही दिनमै मैले यी दोषमध्ये केही दोष थाहा पाएको थिएँ । दिनेश-राजद्वारा यी दोषको सङ्केत शङ्करमानकहाँ पठाएको पनि थिएँ। वि. सं. २०३२ कार्तिक१ गते आश्विनशुक्ल चतुर्दशी शनिवार शङ्करमान मसँग टीका लाउन आएका थिए । त्यस दिन पाठ सुनाउने दिन परेकोले देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, महेशराज पन्त, दिनेशराज पन्त पाठ सुनाउँदै थिए । रामजी तेवारी पाठ सुनाएर गइसकेका थिए । शङ्करमानलाई त्यस दिन मैले उनको लिच्छविसंवत्को निष्कर्षमा परेका दोषको विषयमा सम्झाइदिएको थिएँ ।

शङ्करमानले यस विषयमा विचार गरी आत्मसंशोधन गर्दिहाल्नान् कि भन्ने आशाले यतिञ्जेलसम्म न

---

१२. पूर्णिमा १५ अङ्कको २५९–२६६पृ.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

चूप लागेर बसेको हुँ। तर उनले आत्मसंशोधन नगरेकाले उनको पुस्तकमा परेका दोषको विषयमा मैले अहिले आफैं ले लेख्नुपरेको हो।

गृहमन्त्रीको पदमा विराजमान भइसक्नुभएका श्रीमान् डिल्लीरमण रेग्मी भरूका लेख चोरेर आफू यशस्वी अन्वेषक कहलाउने उद्योग गर्न सङ्कोच मान्नुहुन्न[१४], राजकीय प्रज्ञाप्रतिष्ठानको कुलपति पदमा विराजमान हुनुभएका श्रीमान् सूर्यविक्रम ज्ञवाली व्याघातोक्तिले दूषित आफ्ना लेखमा अरूले दोष देखाइदिंदा लाज नमानी उल्टो गर्जंदै हिंड्नुहुन्छ[१५], यस अवस्थामा साधारण हैसियतका शङ्करमानले लिच्छविसंवत्‌को निर्णय गर्ने कामको घासनी त गरे; यति मात्र होइन नेपालमा कसैले गरेका थिएनन्, यस्तो काममा एकैपल्ट अन्तिम निर्णयमा पुग्न सकिने

१४. वि. सं. २०१७ मा प्रकाशित मेरो विद्या-रक्षा ३ सङ्ख्या

वि. सं. २०२३ मा प्रकाशित सावधान-पत्र १७ सङ्ख्या

वि. सं. २०२३ मा प्रकाशित पूर्णिमा ११ अङ्कका १७-२४ पृष्ठमा छापिएको शङ्करमान राजवंशीको श्रीडिल्लीरमण रेग्मीज्यूले हाम्रो सम्पत्ति फेरि पनि चोर्नुभयो भन्ने निवन्ध

पूर्णिमा ११ अङ्कका १०१-११८ पृष्ठमा छापिएको श्रीडिल्लीरमण रेग्मीज्यूको छटेलपन भन्ने हाम्रो वक्तव्य

वि. सं. २०२४ मा प्रकाशित नेपालका बुद्धिजीवीहरूले निष्पक्ष भई विचार गरिदिनुपर्‍यो

वि. सं. २०२४ मा प्रकाशित पूर्णिमा १३ अङ्कका ९१-९८ पृष्ठमा छापिएको हाम्रो वक्तव्य

वि. सं. २०२४ मा प्रकाशित इतिहास-संशोधन ६४ क्रमागत सङ्ख्या

वि. सं. २०२४ मा प्रकाशित इतिहास-संशोधन ६५ क्रमागत सङ्ख्या

वि. सं. २०२५ मा प्रकाशित इतिहास-संशोधन ६६ क्रमागत सङ्ख्या

वि. सं. २०२५ मा प्रकाशित इतिहास-संशोधन ६७ क्रमागत सङ्ख्या

वि. सं. २०२५ मा प्रकाशित इतिहास-संशोधन ६८ क्रमागत सङ्ख्या

वि. सं. २०२६ मा प्रकाशित पूर्णिमा २२ अङ्कका १५४-१६८ पृष्ठमा छापिएको हाम्रो वक्तव्य

१५. वि. सं. २०१९ मा प्रकाशित गौतमवज्र वज्राचार्य र महेशराज पन्तको सावधान-पत्र ४ सङ्ख्या

वि. सं. २०२० मा प्रकाशित भोलानाथ पौडेल र धनवज्र वज्राचार्यको सावधान-पत्र ५ सङ्ख्या

वि. सं. २०२० मा प्रकाशित गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको सावधान-पत्र ६ सङ्ख्या

वि. सं. २०२० मा प्रकाशित भोलानाथ पौडेल र धनवज्र वज्राचार्यको इतिहास-संशोधन ५७ क्रमागत सङ्ख्या

वि. सं. २०२० मा प्रकाशित गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको सावधान-पत्र ७ सङ्ख्या

वि. सं. २०२० मा प्रकाशित भोलानाथ पौडेल र धनवज्र वज्राचार्यको इतिहास-संशोधन ५८ क्रमागत सङ्ख्या

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वि. सं. २०२० मा प्रकाशित भोलानाथ पौडेल र धनवज्र् वज्राचार्यको इतिहास-संशोधन ५९ क्रमागत सङ्ख्या

वि. सं. २०२० मा प्रकाशित देवीप्रसाद भण्डारीको सावधान-पत्र ८ सङ्ख्या

वि. सं. २०२० मा प्रकाशित गौतमवज्र् वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको सावधान-पत्र ९ सङ्ख्या

वि. सं. २०२० मा प्रकाशित रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलद्वारा सम्पादित अभिलेख-सङ्ग्रह १० भागमा छापिएको काग कराउँदैछ, पीना सुकर्तछ भन्ने मेरो वक्तव्य

वि. सं. २०२० मा प्रकाशित गौतमवज्र् वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको सावधान-पत्र १० सङ्ख्या

वि. सं. २०२० मा प्रकाशित भोलानाथ पौडेल र धनवज्र् वज्राचार्यको इतिहास-संशोधन ६० क्रमागत सङ्ख्या

वि. सं. २०२० मा प्रकाशित गौतमवज्र् वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको सावधान-पत्र ११ सङ्ख्या

वि. सं. २०२१ मा प्रकाशित शास्त्रार्थको आह्वान

वि. सं. २०२१ मा प्रकाशित सावधान-पत्र १४ सङ्ख्या

वि. सं. २०२१ मा प्रकाशित विद्वद्वर्गसँग अनुरोध

वि. सं. २०२२ मा प्रकाशित पूर्णिमा ५ अङ्कको ९१ पृष्ठमा छापिएको हाम्रो वक्तव्य

वि. सं. २०२२ मा प्रकाशित नेपालका विद्वान्हरूले विचार गर्नुपर्ने कुरो

वि. सं. २०२२ मा प्रकाशित पूर्णिमा ६ अङ्कका ३७-४४ पृष्ठमा छापिएको शङ्करमान राजवंशीको योगनरेन्द्र मल्लका उत्तराधिकारी भन्ने निबन्ध

वि. सं. २०२२ मा प्रकाशित इतिहास-संशोधन ६१ क्रमागत सङ्ख्या

वि. सं. २०२२ मा प्रकाशित सावधान-पत्र १६ सङ्ख्या

वि. सं. २०२३ मा प्रकाशित नेपालका बुद्धिजीवीहरूले विचार गर्नुपर्ने कुरा

वि. सं. २०२३ मा प्रकाशित इतिहास-संशोधन ६२ क्रमागत सङ्ख्या

वि. सं. २०२३ मा प्रकाशित इतिहास-संशोधन ६३ क्रमागत सङ्ख्या

वि. सं. २०२७ मा प्रकाशित पूर्णिमा २४ अङ्कका ३३०-३३१ पृष्ठमा छापिएको ती आए त्यो गयो भन्ने मेरो निबन्ध

वि. सं. २०२९ मा प्रकाशित पूर्णिमा २७ अङ्कमा छापिएको विद्वत्पूजा भन्ने मेरो निबन्ध, सो अङ्कका १४१-१४२, १४७ पृ.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पनि होइन, शङ्करमानको पुस्तकमा पछि आउने अन्वेषकहरूलाई केही उपकरणको सङ्ग्रह भएको छ, यो तर्क पनि मेरो मनमा बारंबार नउठेको होइन । तर यस्ता अशुद्धिको संशोधन नभइदिंदा भ्रम फैलन जान्छ भन्ने तर्कले बढी प्रेरणा दिएकोले मैले यति लेखेको हुँ ।

आफ्नो लेखमा परेका दोषको संशोधन गराउने, गर्ने हाम्रो परिपाटी रहेको छ[१६] । यही परिपाटीमा केही

वि. सं. २०३१ मा प्रकाशित पूर्णिमा ३१ अङ्कका १७७–१८३ पृष्ठमा छापिएको दिनेशराज पन्तको रुम्बर शाहको राज्यकालमा एक विचार भन्ने निबन्ध

वि. सं. २०३२ मा प्रकाशित पूर्णिमा ३३ अङ्कका ३६–४० पृष्ठमा छापिएको दिनेशराज पन्तको शुभराज्याभिषेकको अवसरमा छापिएका दुइ प्राजका पुण्याहीन कृति भन्ने निबन्ध

१६. वि. सं. २०११ मा प्रकाशित धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालको इतिहास–संशोधन ४ सङ्ख्या

वि. सं. २०१२ मा प्रकाशित लक्ष्मण सत्याल र अक्रूर कुईंकेलको इतिहास–संशोधन ११ सङ्ख्या

वि. सं. २०१४ मा प्रकाशित धनवज्र वज्राचार्यको इतिहास–संशोधन ४० क्रमागत सङ्ख्या

वि. सं. २०१५ मा प्रकाशित धनवज्र वज्राचार्यको इतिहास–संशोधन ४२ क्रमागत सङ्ख्या

वि. सं. २०१६ मा प्रकाशित भोलानाथ पौडेल र धनवज्र वज्राचार्यको व्याकरण–संशोधन ५ सङ्ख्या

वि. सं. २०१६ मा प्रकाशित धनवज्र वज्राचार्यको इतिहास–संशोधन ४५ क्रमागत सङ्ख्या

वि. सं. २०१६ मा प्रकाशित धनवज्र वज्राचार्यको इतिहास–संशोधन ४६ क्रमागत सङ्ख्या

वि. सं. २०१६ मा प्रकाशित धनवज्र वज्राचार्यको इतिहास–संशोधन ४७ क्रमागत सङ्ख्या

वि. सं. २०१६ मा प्रकाशित धनवज्र वज्राचार्यको इतिहास–संशोधन ४८ क्रमागत सङ्ख्या

वि. सं. २०१६ मा प्रकाशित भोलानाथ पौडेल र धनवज्र वज्राचार्यको इतिहास–संशोधन ४९ क्रमागत सङ्ख्या

वि. सं. २०१६ मा प्रकाशित धनवज्र वज्राचार्यको इतिहास–संशोधन ५० क्रमागत सङ्ख्या

वि. सं. २०१८ मा प्रकाशित गौतमवज्र वज्राचार्यको इतिहास–संशोधन ५२ क्रमागत सङ्ख्या

वि. सं. २०१८ मा प्रकाशित महेशराज पन्तको इतिहास–संशोधन ५३ क्रमागत सङ्ख्या

वि. सं. २०१९ मा प्रकाशित गौतमवज्र वज्राचार्यको इतिहास–संशोधन ५४ क्रमागत सङ्ख्या

वि. सं. २०१९ मा जगदम्बा–प्रकाशनद्वारा प्रकाशित, धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलद्वारा सम्पादित इतिहास–संशोधनको प्रमाण–प्रमेय (मूल भाग) को ३२४ पृ.

वि. सं. २०१९ मा प्रकाशित महेशराज पन्तको इतिहास–संशोधन ५५ क्रमागत सङ्ख्या

वि. सं. २०२० मा प्रकाशित रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी,

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलद्वारा सम्पादित अभिलेख-सङ्ग्रह ९ भागको १६ पृ.

वि. सं. २०२१ मा प्रकाशित पूर्णिमा १ अङ्कमा छापिएको रामजी तेवारीको चौतारा वैर्कदास अथवा चिकुटि भन्ने निबन्ध, सो अङ्कको १३ पृ.

वि. सं. २०२१ मा नेपाल सांस्कृतिक परिषद्द्वारा प्रकाशित, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्यद्वारा सम्पादित ऐतिहासिक-पत्रसङ्ग्रह २ भागको २८ पृ.

वि. सं. २०२१ मा प्रकाशित पूर्णिमा २ अङ्कका ४२–४३ पृष्ठमा छापिएको नयनाथ पौडेलको आत्म–संशोधन भन्ने निबन्ध

पूर्णिमा २ अङ्कको ६० पृष्ठमा छापिएको शङ्करमान राजवंशीको आत्मसंशोधन भन्ने निबन्ध

वि. सं. २०२१ मा प्रकाशित पूर्णिमा ४ अङ्कमा छापिएको वैदिकसंख्योच्चारणपद्धति र त्यसअनुसारको लिच्छविकालको संख्यालेखनपद्धति भन्ने मेरो निबन्ध, सो अङ्कको १२ पृ.

वि. सं. २०२२ मा प्रकाशित पूर्णिमा ६ अङ्कमा छापिएको लिच्छविकालका अभिलेखमा पाइएका संवत्का अङ्कका प्रतिलिपि भन्ने मेरो निबन्ध, सो अङ्कको १ पृ.

वि. सं. २०२२ मा प्रकाशित पूर्णिमा ८ अङ्कमा छापिएको दिनेशराज पन्तको दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडे भन्ने निबन्ध, सो अङ्कका ३४–३५ पृ.

पूर्णिमा ८ अङ्कमा छापिएको महेशराज पन्तको नेपाल–अङ्ग्रेजयुद्धको दोस्रो चरण भन्ने निबन्ध, सो अङ्कको ४५ पृ.

वि. सं. २०२३ मा प्रकाशित पूर्णिमा १० अङ्कमा छापिएको हाम्रो वक्तव्य, सो अङ्कको ६१ पृ.

वि. सं. २०२३ मा प्रकाशित पूर्णिमा १२ अङ्कका २१–२२ पृष्ठमा छापिएको शङ्करमान राजवंशीको आत्मसंशोधन भन्ने निबन्ध

वि. सं. २०२४ मा प्रकाशित पूर्णिमा १३ अङ्कमा छापिएको महेशराज पन्तको वीर भक्ति थापा भन्ने निबन्ध, सो अङ्कका ४०–४१ पृ.

वि. सं. २०२४ मा प्रकाशित पूर्णिमा १४ अङ्कका १४०–१४३ पृष्ठमा छापिएको शङ्करमान राजवंशीको पनौती इन्द्रेश्वरको ताम्रपत्राभिलेख (आत्मसंशोधन) भन्ने निबन्ध

वि. सं. २०२५ मा प्रकाशित पूर्णिमा १८ अङ्कमा छापिएको धनवज्र वज्राचार्यको कान्तिपुर यज्ञालहिटीको नरेन्द्रदेवको अभिलेख भन्ने निबन्ध, सो अङ्कको १०७ पृ.

वि. सं. २०२५ मा जगदम्बा प्रकाशनद्वारा प्रकाशित, म, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य, दिनेश–राज पन्तद्वारा सम्पादित श्री ५ पृथ्वीनारायण शाहको उपदेशको १३६ पृ.

वि. सं. २०२५ मा प्रकाशित पूर्णिमा १९ अङ्कमा छापिएको धनवज्र वज्राचार्यको लिच्छविकालका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

धेरै काम गरेका शङ्करमानले आफ्नो लेखमा परेका दोषको संशोधन गर्न लाज मान्नुपर्ने कुरा केही छैन। काम गर्दा भूल पर्छ। यस कारण अरु केही बिग्रेको छैन। शङ्करमानले आफूले पढेका ग्रन्थ उधार्दै, मनमा लेखाउँदै सावधान भई आफ्नो लेखको परीक्षा गरे भने अभिलेखहरू निर्दोष लिच्छविसंवत्को निर्णय निकाल्न उनी समर्थ हुनेछन्।

तिमी भन्छौ मैले जुन जति गरें त्यो उचित छ,
यता हामी भन्छौं यसतिर परीक्षा उचित छ।
यहीं तिम्रो हाम्रो मत फरक भै बाक्हिन गयो,
परीक्षा होस् राम्रो यसतिर भनी लेख रचियो॥

किमुपशमनुपैष्यति क्रुधं वा मम वचसाऽयमिति स्फुटं बुभुत्सुः।
अवसरमदतीयवाचि दित्सुः सशमभर्लिनिजविस्तराद् व्यरंसीत्॥१०५॥

(गङ्गाधर शास्त्रीको अलिविलासिसंलाप १ शतक)

अभिलेखमा देखापरेका संवत्का अङ्कको निर्णय भन्ने निबन्ध, सो अङ्कका १८२–१८३, १८५ पृ.

वि. सं. २०२७ मा प्रकाशित पूर्णिमा २३ अङ्कका २००–२०५ पृष्ठमा छापिएको मुनीश्वरको पाटीसार (आत्मसंशोधन) भन्ने मेरो निबन्ध

पूर्णिमा २३ अङ्कको २१८ पृष्ठमा छापिएको भूल–स्वीकार तथा आत्मसंशोधन भन्ने निबन्ध

वि. सं. २०२७ भाद्र ६ गतेको गोरखापत्रमा प्रकाशित भूलस्वीकार

वि. सं. २०२९ मा प्रकाशित पूर्णिमा २६ अङ्कको ११४ पृष्ठमा छापिएको दिनेशराज पन्तको आत्मसंशोधन भन्ने निबन्ध

वि. सं. २०३० मा प्रकाशित नेपाली ५८ पूर्णाङ्कका १९–२६ पृष्ठमा छापिएको प्रधानमन्त्री बमबहादुर र श्री ३ रणोद्वीपसिंहको विषयमा केही कुरा (आत्मसंशोधन) भन्ने मेरो निबन्ध

वि. सं. २०३० मा प्रकाशित पूर्णिमा ३० अङ्कमा छापिएको दिनेशराज पन्तको राजा निर्भयदेव, रुद्रदेव, भोजदेव, लक्ष्मीकामदेव भन्ने निबन्ध, सो अङ्कका ११६, १२१, १२२ पृ.

पूर्णिमा ३० अङ्कका १४९–१५० पृष्ठमा छापिएको आत्मसंशोधन भन्ने हाम्रो वक्तव्य

वि. सं. २०३१ मा छापिएको मेरो आत्मसंशोधन

वि. सं. २०३१ मा प्रकाशित पूर्णिमा ३१ अङ्कमा छापिएको दिनेशराज पन्तको डम्बर शाहको राज्यकालमा एक विचार भन्ने निबन्ध, सो अङ्कको १८० पृ.

वि. सं. २०३१ मा प्रकाशित पूर्णिमा ३२ अङ्कमा छापिएको भीमसेन थापा भन्ने मेरो निबन्ध, सो अङ्कका २१९–२२० पृ.

पूर्णिमा ३२ अङ्कको २६८ पृष्ठमा छापिएको सूचना

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

[मेरो कुरा सुनेर यो विलासी सह्यालिंदो रहेछ कि झोक्किंदो रहेछ, हेरूँ भनी विलासीलाई बोल्ने मौका दिई अलिले आफ्नो कुरा त्यहीँ टुङ्ग्याए ।]

(यस निबन्धलाई तयार गर्दा मेरो इच्छा र विचारअनुसार काम गरिदिएकोमा नाती महेशराज पन्त र दिनेशराज पन्त धन्यवादका पात्र छन् ।)

~~

परिशिष्ट

वारको व्यवस्था

—नयराज पन्त

रवेर्नवाक्षाणि ५९ गजाः ८ कलानिधेः
खनन्दशैलाः ७९० शरवह्नयो ३५ विधोः ।।५।।
मन्दाख्यतुङ्गस्य रसाः ६ कुवेदाः ४१
पातस्य रामाः ३ कुभुवो ११ विलोमा ।
धरागुणाः ३१ अङ्गयमाः २६ कुजस्य
जीवस्य पश्चाऽ ५ र्कसुतस्य पक्षौ २ ।।६।।
ज्ञाशूच्चजा पञ्चजिना २४५ द्विरामाः ३२
शुक्राशुतुङ्गप्रभवा रसाङ्काः ९६ ।
गजाः ८ कलादिर्दिनभुक्तिरुक्ता

एक दिनका मध्यम गति

	सूर्यको	चन्द्रमाको	चन्द्रोच्चको	राहुको	मङ्गलको
कला	५९	७९०	६	३	३१
विकला	८	३५	४१	११	२६

	बृहस्पतिको	शनैश्चरको	बुधको शीघ्रोच्चको	शुक्रको शीघ्रोच्चको
कला	५	२	२४५	९६
बिकला	०	०	३२	८

(पूर्णिमा २५ अङ्कमा छापिएको रामजी तेवारीद्वारा सम्पादित पुतिसंस्कृत रत्नदीप । सो अङ्कमा २८–३० पृ.)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

आकाशमा उडाएको घ्याम्पो जति जति माथि माथि जान्छ, उति उति सानो सानो देखिँदै जान्छ। यो सबैले देखेको कुरा हो। अर्थात् उही पदार्थ पनि टाढा टाढा हुँदै गएपछि सानो सानो हुँदै जान्छ। उही वेगले हिँडिरहेको पदार्थको वेग पनि टाढा टाढा हुँदै गएपछि सानो सानो देखिँदै जान्छ। यस कारण बराबर वेगले हिँडिरहेका पदार्थमा चाँडो हिँड्ने देखिएको पदार्थ नजीक र ढिलो हिँड्ने देखिएको पदार्थ टाढा रहेको रहेछ भनी अनुमान गर्न सकिन्छ। यस कारण

कक्षाः सर्वा अपि दिविषदां चक्रलिप्ताङ्किताःस्ता
वृत्ते लघ्व्यो लघुनि महति स्युर्महत्यश्च लिप्ताः ।
तस्मादेते शशिजभृगुजादित्यभौमेज्यमन्दा
मन्दाक्रान्ता इव शशधराद् भान्ति यान्तः क्रमेण ॥२७॥

(सिद्धान्तशिरोमणि मध्यमाधिकार भृत्यब्दशुद्धि)

[ग्रहहरुका सबै कक्षा २१६०० कलाले चिनो लाइएका छन्। सानो वृत्तमा कला साना र ठूलो वृत्तमा कला ठूला हुन्छन्। यस कारण क्रमैले चन्द्र, बुध, शुक्र, सूर्य, मङ्गल, बृहस्पति, शनैश्चर विस्तारै विस्तारै हिँडे जस्ता देखिएका हुन्।]

भूमेः पिण्डः शशाङ्कज्ञकविरविकुजेज्यार्किनक्षत्रकक्षा-
वृत्तैर्वृत्तो वृतः सन् मृदनिलसलिलव्योमतेजोमयोऽयम् ।
नान्याधारः स्वशक्त्यैव वियति नियतं तिष्ठतीहाऽस्य पृष्ठे
निष्ठं विश्वं च शश्वत् सदनुजमनुजादित्यदैत्यं समन्तात् ॥२॥

(सिद्धान्तशिरोमणि भुवनकोश)

[चन्द्र, बुध, शुक्र, सूर्य, मङ्गल, बृहस्पति, शनैश्चर र नक्षत्रका कक्षाले घेरिएको पृथ्वी गोलाकार छ। माटो, पानी, तेज, वायु र आकाशले पृथ्वी बनेको छ। पृथ्वीको आधार केही छैन। पृथ्वी आफ्नै शक्तिले आकाशमा रहेको छ। पृथ्वीको पृष्टमा मानिस, देवता र दैत्य-सहितको चराचर जगत् छ।]

शनैश्चर
बृहस्पति
मङ्गल
सूर्य
शुक्र
बुध
चन्द्र
पृथ्वी

यस्तो कल्पना भयो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

दिनको २४ भाग कल्पना गरी प्रत्येक भागलाई घण्टा (होरा) भन्ने नाउँ राखियो। पहिलो होराको नाउँ के राख्ने भन्ने प्रश्न उठ्यो। सूर्य सबभन्दा प्रभावशाली भएकाले पहिलो होरा सूर्यको मानियो। त्यसपछि दोस्रो होरा सूर्यभन्दा तलतिर रहेका शुक्रको मानियो। त्यसपछि तेस्रो होरा शुक्रभन्दा तलतिर रहेका बुधको मानियो। त्यसपछि चौथो होरा बुधभन्दा तलतिर रहेका चन्द्रको मानियो। त्यसपछि पाँचौँ होरा कसको मान्ने भन्ने प्रश्न उठ्दा चन्द्रभन्दा तलतिर ग्रह नभएकाले सबभन्दा माथि पुगी शनैश्चरको होरा मानियो। छैठौँ होरा शनिभन्दा तलतिर रहेका बृहस्पतिको मानियो। सातौँ होरा बृहस्पतिभन्दा तलतिर रहेका मङ्गलको मानियो। आठौँ होरामा फेरि सूर्य आइपुगे। पहिलेकै क्रम दोहरियो। पन्ध्रौँ होरा तथा बाइसौँ होरा पनि सूर्यकै भए। त्याइसौँ होरा शुक्रको भयो। चौबीसौँ होरा बुधको भयो। पच्चीसौँ होरा चन्द्रमाको भयो। एक दिनमा २४ होरा मात्र हुने हुनाले पहिलो दिनको पहिलो होरा सूर्यको र चौबीसौँ होरा बुधको भयो। पच्चीसौँ होरा त दोस्रो दिनको पहिलो होरा भयो। फेरि उही क्रमले गन्दा दोस्रो दिनको पहिलो, आठौँ, बाइसौँ होरा चन्द्रमाको भयो। त्याइसौँ होरा शनैश्चरको भयो। चौबीसौँ होरा बृहस्पतिको भयो। पच्चीसौँ होरा मङ्गलको भयो। चौबीसौँ होरामा दोस्रो दिन सिद्धिएकोले तेस्रो दिनको पहिलो होरा मङ्गलको भयो। तेस्रो दिनको पहिलो, आठौँ, पन्ध्रौँ, बाइसौँ होरा मङ्गलको भयो। चौबीसौँ होरा शुक्रको भयो। चारौँ दिनको पहिलो होरा बुधको भयो। चौबीसौँ होरा शनैश्चरको भयो। पाँचौँ दिनको पहिलो होरा बृहस्पतिको भयो। पाँचौँ दिनको चौबीसौँ होरा सूर्यको भयो। छैठौँ दिनको पहिलो होरा शुक्रको भयो। छैठौँ दिनको चौबीसौँ होरा चन्द्रको भयो। सातौँ दिनको पहिलो होरा शनैश्चरको भयो। सातौँ दिनको चौबीसौँ होरा मङ्गलको भयो। आठौँ दिनको पहिलो होरा सूर्यको भयो र फेरि उही क्रम दोहरिन थाल्यो। पहिलो होरा जसको पर्‍यो, त्यसैको वार त्यो हो भन्ने कल्पना गरियो। यो कुरा सूर्यसिद्धान्तमा यसरी लेखिएको छ—

होरेशाः सूर्यतनयादधोऽधः क्रमशस्तथा ॥७९॥

(सूर्यसिद्धान्त भूगोलाध्याय)

[शनैश्चरभन्दा तलतलका ग्रह क्रमैले होराका मालिक हुन्छन्।]

मन्दादधः क्रमेण स्युश्चतुर्था दिवसाधिपाः ... ॥७८॥

(सूर्यसिद्धान्त भूगोलाध्याय)

[शनैश्चरभन्दा तलका चारौँ चारौँ ग्रहको वार हुन्छ।]

यहाँसम्मका कुराबाट ज्योतिषीहरूले गणना गर्न र फलादेश गर्न कल्पना गरिएका पदार्थ वार हुन्, ग्रह नक्षत्र जस्ता बिम्ब भएका पदार्थ वार होइनन् भन्ने स्पष्ट हुन्छ।

-o-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

गृहस्थ र बटुवाको संवाद

—नयराज पन्त

गृहस्थ— ताकेर भित्री कुन लक्ष्य आखिर लम्कीरहेछौ यसरी सरासर,
जाँदैन कोही कहिल्यै त्यतातिर, पर्ला कि धौंधौं पछि बासखातिर ।।१।।
बटुवा— लागेर तिर्खा म छु धेर आकुल, बडा बडा छन् छहरा त्यतातिर ।
सुस्वादु पानी पिउँला भनीकन ताकी हिँडेको छु त्यही दिशाकन ।।२।।
गृहस्थ— इनार कूवाहरु छन् यहीँ पनि, फिकेर पानी तिनबाट नै पनि ।
गरीरहेछन् व्यवहार यी जन, बेकाम होला कि कडा परिश्रम ।।३।।
बटुवा— इनार कूवाहरुमा सफाइको प्रबन्ध राम्रो नहुँदा अशुद्धिको ।
थुप्रो छ, चोखो जलले दिने गुण दुर्बोध जस्तै छ यिनीहरुकन ।।४।।
गृहस्थ— अरू सबैलाइ अबोध सम्झनु म मात्र जान्ने हुँ भनेर गम्कनु ।
अयोग्य होला, यसले सरासर देखिन्छ धेरै मतको अनादर ।।५।।
बटुवा— गर्दै निकै वर्ष कडा परिश्रम बाँची बुझी गर्दछ साधना जुन ।
निर्धक्क भैं बोल्न समर्थ हुन्छ त्यै, हुन्छन् विशेषज्ञ तसर्थ थोर नै ।।६।।
तसर्थ मोटा व्यवहार मात्रमा लाइन्छ धेरै मतलाइ कानमा ।
विशेष-धी-गम्य विवेचनातिर गरिन्न धेरै मतलाइ आदर ।।७।।
गृहस्थ— वास्ता नराखेर अरू कसैकन जो एकलै गर्दछ मोज भोजन ।
स्वार्थी त्यही हो, त्यसबाट लोकको हुँदैन केही उपकारको कुरो ।।८।।
बटुवा— मसाथ हिँड्नाकन खोज्दछन् जुन, म गर्दछु स्वागत ती सबकन ।
मदेखि टाढा हुन खोज्दछन् जुन, तिनीहरुलाइ म तान्न सक्तिनँ ।।९।।
गृहस्थ— अत्यन्त टाढा विजन प्रदेशमा पुगेर मीठो जलको प्रवाहमा ।
पौडेर आनन्द गरेर क्यै क्षण मानिन्छ के सार्थक मर्त्य-जीवन ।।१०।।
बटुवा— जाँच्दा त्यहाँका छहराहरुकन देखिन्छ राम्रो जुनचाहिँको गुण ।
त्यल्लाइ हाली नलमा बगाउँला, निर्दोष पानी सबलाइ ख्वाउँला ।।११।।
गृहस्थ— छौ एकलै, काम बडो कठोर छ, विपक्ष ठूलो छ, पछार्न खोज्दछ ।
बेपर्वाक जाला! कि अमूल्य जीवन, म स्नेहले भन्छु तिमी अली गुन ।।१२।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

बट्वा— बीज–क्रियामा पहिले गरी श्रम पातोच्चका जिष्णुजले परिक्रम।
गनेर ल्याए, त्यस साधनाकन बुझ्ने सकार्ने त भएन क्वै जन ।।१३।।
बिते शताब्दी, अनि क्यै सुधीवर झुक्तै गए जिष्णुजका कुरातिर।
जन्मे परीक्षा-विधि-विज्ञ भास्कर, लागे उनी जिष्णुजका क्रियातिर ।।१४।।
उस्ता महापूरुषको त यो स्थिति, यो क्षुद्र हामीहरुको त के गति ।
भन्ने कुरा नित्य म गुन्छु चित्तले, यो पाइला चाल्छु तथा प्रयत्नले ।।१५।।

वि. सं. २०२८।५।१३।१

आर्यभट, वराहमिहिरहरूले चन्द्रबाहेकका ग्रहहरूका उच्च र पातका स्थिर स्थान दिएका छन् । ब्रह्मगुप्तले तिनका भगण दिएका छन् । ती भगण गन्न ब्रह्मगुप्तले कुट्टकको प्रयोग गरेका छन् । कुट्टक बीजगणितको एक भाग हो । परन्तु ब्रह्मगुप्तले आफ्नो ब्राह्मस्फुटसिद्धान्तको एक अध्यायको नाउँ कुट्टकाध्याय राखेका छन् । सो अध्यायमा उनले बीजगणितका रीति दिएका छन् । ब्रह्मगुप्तको बीजगणितको मुख्य उद्देश्य कुट्टकक्रिया जान्नु र कुट्टकको उद्देश्य ग्रहका भगण गन्नु नै देखिन्छ । ब्रह्मगुप्त बीजगणितका श्रेष्ठतम आचार्य हुन् भनी आजमोलि मनिन्छ । ब्राह्मस्फुटसिद्धान्त ब्रह्मगुप्तको जीवनकालमा प्रतिष्ठित हुन सकेन । धेरै कालपछि केही विद्वान्हरूले ब्रह्मगुप्तका कुरा सकार्दै गए । वि. सं. ६८५ मा लेखिएको ब्राह्मस्फुटसिद्धान्तलाई सकारी त्यसको आधारमा वि. सं. १२०७ मा भास्करले आफ्नो सिद्धान्तशिरोमणि बनाए । यसरी ब्राह्मस्फुटसिद्धान्तलाई राम्ररी प्रतिष्ठित हुन ५२२ वर्ष अर्थात् पुगनपुग २६ पुस्ता लाग्यो । यी कुरालाई विशेष गरी खुलाएर ब्रह्मगुप्तनामक निबन्धमा लेखिनेछ ।

-o-

सूचना– वि. सं. २०२९ कार्तिक, मार्ग, पौषमा निस्कनुपर्ने पैंतीसौं अङ्क हाम्रो कमजोरीले अहिले वि. सं. २०३३ कार्तिकको चौथो हप्तामा मात्र निस्क्यो ।

\+ \+ \+

शुद्धिपत्र

२५ अङ्कमा

२५ अङ्कको २९ पृष्ठमा पदार्थमा राहुको दैनिकगतिभन्दा पछि बृहस्पतिको दैनिकगतिभन्दा अघि थप्नुपर्ने– कुजस्य = मङ्गलको । धरागुणाः = ३१ । अङ्गयमाः = २६ । कला आदिः = कलादि । दिनभुक्तिः = दैनिकगति । उक्ता = कहियो ।

३३ अङ्कमा

पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध	पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध
५	२४	घिउले	दहीले	९	३०	भरखरै अभिषेक	अभिषेकको तयारी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यस अङ्कमा

पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध	पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध
१५३	२२	काठमाड	काठमाडौंको	१६८	२२	मायि का	मायिका
१५८	१८	रणवहादुर	रणवहादुर	१७१	१५	निकर्ष्वले	निष्कर्षले
१६१	१२	सिलसिलामा	सिलसिलामा	१९३	६	पुनर्वसूसमेतका	पुनर्वसुसमेतका

\+ \+ \+

हाम्रा प्रकाशित कृति

संशोधन–मण्डलतर्फबाट

	मूल्य
१. पूर्णिमा १ देखि ३५ अङ्कसम्म	११५।५०
२. अभिलेख–सङ्ग्रह १ देखि १२ भागसम्म	७।५०
३. इतिहास–सशोधन	१३।
४. सावधान–पत्र	६०
५. विद्या–रक्षा	६।
६. व्याकरण–संशोधन	३।५०
७. पञ्चाङ्ग–संशोधन	३।५०
(संशोधन–मण्डलका यी प्रकाशन साझा प्रकाशनको केन्द्र र सबै शाखामा पाइन्छन् ।)	
८. बुद्धिविनोद–प्रश्नावली र त्यसको उत्तर	२।
९. पञ्चाङ्ग–संशोधन (१३–१४ सङ्ख्या)	।५०

नेपाल–सांस्कृतिक–परिषद्तर्फबाट

१. जयरत्नाकरनाटक	८।
२. त्रिरत्नसौन्दर्यगाथा	१०।
३. ऐतिहासिक–पत्रसङ्ग्रह (पहिलो भाग)	४।२०
४. ऐतिहासिक–पत्रसङ्ग्रह (दोस्रो भाग)	३।५०

जगदम्बा–प्रकाशनतर्फबाट

१. गल्लीमा फ्याँकिएका कसिंगर	६।२५
२. इतिहास–संशोधनको प्रमाण–प्रमेय	१८।
३. श्री ५ पृथ्वीनारायण शाहको उपदेश (५ खण्ड)	४१।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

का. मे. अ. द. नं. १५५/२४९

कार्यालय

संशोधन–मण्डल

१०/३७४ घटु सवलबहाल काठमाडौं नेपाल

वि० सं० २०३३ कार्तिक

यस अङ्कको मूल्य रु. ६।

मुद्रक–
लुष प्रेस, पुल्चोक
ललितपुर नेपाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu